# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



भगवान् बुद्ध पाँचसय जना भिक्षुसंघका साथ राजगृहबाट नालन्दातर्फ यात्रा गरिरहनुभएको र
परिव्राजक सुप्रियले भगवान् बुद्धलाई बाटोभरि निन्दा गर्दै आइरहेको

वर्षः ४२, अङ्कः ७

बु.सं. २५६८, कतिं पुन्हिः

# २०८१ आश्विन ५ गते धर्मकीर्ति विहारमा दिनभर अभिधर्मपाठका केही झलकहरू




धर्मदेशना गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमांका साथमा अन्य गुरुमांहरू पनि




धम्मसङ्गणी पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू धम्मवती, सुजाता र ईन्दावती




विभङ्ग पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू कुशुम र प्रीतिवती



धातुकथा पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू मेत्तावती, सुचिता र जयवती




पुग्गलपञ्ञत्ति पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू अनुपमा र खेमावती



कथावत्थु पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू जवनवती, सुनन्दावती र शुभवती



यमक पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू श्रद्धावती, सुमना, ध्यानवती र उपनन्दा



पट्ठान पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू पञ्ञावती, दानवती, नन्दावती, विमलञाणी, करुणावती

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरु*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६८

नेपाल सम्बत् ११४४

इस्वी सम्बत् २०२४

बिक्रम सम्बत् २०८१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**16th OCTOBER 2024**


| वर्ष- ४२ | अङ्क- ७ | कर्ति पुन्हि | कार्तिक २०८१ |
|---|---|---|---|





परदुक्खू पदानेन – अत्तनो सुख'मिच्छति
वेरसंसग्गसंसट्ठो – वेरा सो न परिमुच्चति

**मेपिन्त दुख बियाः थःगु सुखया इच्छा याःम्ह, बैरीयागु बन्धनं चीकाच्वंम्ह थुजाःम्ह ब्यक्तियाके बैरभाव प्वनीमखु ।**

**अरूलाई दुखदिएर आफूले सुख भोग गर्न खोज्ने व्यक्ति द्वेषको जंजालमा फँस्ने हुने हुँदा उ कहिले पनि द्वेषबाट मुक्त हुन सक्दैन ।**

**He, who by causing pain to others, wishes to obtain pleasure for himself, he, entangled in the bonds of hatred, will never be free from hatred.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय- वर्षावासको महत्त्व | – | ३ |
| ३) | भित्री मन कस्तो छ ? | – सत्यनारायण गोयन्का | ४ |
| ४) | स्नेही छोरी "उद्देश्य पथमा" | – बर्मी भिक्षु र वे थ्वं महास्थविर | ५ |
| ५) | बौद्ध-ऋषि महाप्रज्ञा-२ | – रत्नसुन्दर शाक्य | ८ |
| ६) | पवित्र कथिन चीवर दान | – तारा केशरी ढुंगाना | ११ |
| ७) | दीघनिकायका सूत्रहरूको विश्लेषण-२ | – कुसलज्ञाणी गुरुमां | १२ |
| ८) | त्रिपिटक व भाणक परम्परा | – त्रिरत्न मानन्धर | १३ |
| ९) | धर्मकीर्ति समाचार | – | १५ |


*आवरण चित्र परिचय*

# निन्दा प्रशंसा

**– आचार्य सत्यनारायण गोयन्का**
**भावअनुवादः वीर्यवती**

एकपटक भगवान् बुद्ध पाँचसय जना भिक्षुसंघका साथ राजगृहबाट नालन्दातर्फ यात्रा गरिरहनुभएको थियो । भिक्षु संघको पछि लाग्दै परिव्राजक सुप्रिय र उनका शिष्य ब्रह्मदत्त माणवक पनि संगसंगै आइरहेका थिए ।

परिव्राजक सुप्रियले भगवान् बुद्धलाई बाटोभरि निन्दा गर्दै आइरहेको थियो । तर उनको शिष्य ब्रह्मदत्त माणवक भने सुप्रियको शिष्य भइकन पनि उनकै अगाडि भगवान् बुद्धको प्रशंसा गर्दै आए । भगवान् बुद्धका शिष्य भिक्षुसंघले यी निन्दा र प्रशंसायुक्त वाक्य सुन्दै आए तर उहाँ भिक्षुसंघ उनीहरूका यस कुराकानीमा सम्मिलित हुनुभएन । त्यसैले उनीहरूले भगवान् बुद्धलाई निन्दा गरिरहेका सुप्रियको कुरामा साथ पनि दिएन, बिरोध पनि गरेनन् । यसरी नै भगवान् बुद्धलाई प्रशंसा गरिरहेका माणवक ब्रह्मदत्तको पक्ष पनि लिएनन् ।

नालन्दा पुग्नु अगावै साँझपख यी यात्रीहरूलाई अम्बलट्ठिका नामक गाउँको धर्मशालामा रात बिताउनु पऱ्यो । राती विश्राम गर्ने समयमा पनि भगवान् बुद्धको भिक्षुसंघले यी दुवै व्यक्तिहरू (सुप्रिय परिब्राजक र ब्रह्मदत्त माणवक) बिच भगवान् बुद्धको विषयमा निन्दा एवं प्रशंसायुक्त स्तुती व्यक्त गर्दै वार्तालाप भइरहेको थियो । यस वार्तालापलाई भिक्षुसंघले सुनिरहनु भएका थिए । भिक्षुसंघले ती गुरु शिष्यको वहसमा कुनै प्रकारले पनि हस्तक्षेप गर्नुभएन ।

बिहान पख भिक्षुसंघका सदस्यहरूले भगवान् बुद्ध समक्ष ती दुई गुरुचेला परिब्राजकहरूले भगवान् बुद्धलाई बाटोमा निन्दा र प्रशंसा गर्दै आइरहेको र बाटोमा मात्र होइन राती पनि गुरु सुप्रिय परिब्राजकले बुद्धको निन्दायुक्त वचन प्रयोग गरिरहेको र शिष्य बुह्मदत्त माणवकले बुद्धप्रति श्रद्धापूर्ण प्रशंसाको वचन प्रयोग गरिरहेको विषयमा सुनिरहेका भिक्षु संघ भने मौन रही समता भावमा रहनुभएको विषयमा प्रस्तुत गर्नुभयो । भिक्षुसंघबाट यो कुरा सुनिरहनु भएका भगवान् बुद्धले भिक्षुसंघलाई ओवाद दिनुहुँदै भन्नुभयो ।

भिक्षु हो ! तिमीहरूले मलाई ती परिब्राजकहरूले गरेको निन्दा र प्रशंसायुक्त स्तुतीपूर्ण वार्तालाप सुनेर पनि त्यसबाट अलग्ग रही समताभाव जगाइरहेको उचित्छ छ । यदि बुद्ध, धर्म र संघको निन्दा गरेको सुनी तिमीहरू कुपित भई मन खिन्न गर्छौ भने तिमीहरू आफैंलाई हानी हुनेछ । यस अवस्थामा तिमीहरूले उत्पन्न गरेको द्वेष चित्तको कारणले उत्पन्न दुषित संस्कारले तिमीहरूलाई नै दुःखीदायी फल प्राप्त हुनेछ । यदि कसैले तिमीलाई निन्दा गर्छ भने तिमीले आफूले आफैलाई जाँच्नु, कहिं तिमीमा उक्त दोष त छैन ? यदि आफूमा उक्त दोष रहेको पत्ता लाग्यो भने निन्दा गर्ने उक्त व्यक्तिलाई

( क्रमशः पेज १० मा हेर्नुहोला )

## ▪ सम्पादकीय ▪

# वर्षावासको महत्त्व

वर्षाकाल ३ महिना एकै स्थानमा बसोबास गरी अन्यत्र स्थानको चारिका नगर्ने गरी बुद्धकालिन समय देखि भिक्षु भिक्षुणीहरूले वर्षावास बस्ने नियम पालन गरिरहेको देखिन्छ। त्यस समयावधिमा भिक्षु भिक्षुणीहरू आफूभन्दा ज्ञानगुणले परिपक्व गुरुको निर्देशनानुसार आफ्नो मनलाई अनित्य बोध गराउन विपश्यना ध्यान भावना गरी समय बिताउने गर्नुहुन्छ। त्यसैले यस ३ महिना अवधि भित्र भिक्षु भिक्षुणीहरूलाई चतुप्रत्यय (खाना, लुगा, बास र औषधि) आवश्यकतानुसार परिपूर्ति गर्ने र पालन पोषण गर्ने जिम्मा लिनु भएका दाताहरूलाई उहाँहरूले धर्मोपदेश गरी धर्मप्रचार गर्नुहुन्छ।

वर्षावास नियम पालन गर्दा विभिन्न फाइदाहरू प्राप्त हुन्छन्-

१. वर्षाकालमा झरीको पानीले रुझी भिक्षाटनका लागि यत्रतत्र हिंडिरहन नपर्ने भएको कारणले पानीले रुझेर बिरामी पर्ने भय हुँदैन।

२. आफूभन्दा ज्ञानगुणले परिपक्व गुरुहरू समक्ष रही धर्म अध्ययन गर्ने सौभाग्य प्राप्त हुनेछ।

३. वर्षाकाल ३ महिना आफ्नो अन्तर्मनले अनित्य, दु:ख, र अनात्मलाई नियाली ध्यान भावना गर्ने फुर्सद प्राप्त हुने भएकोले आध्यात्मिक सुखको सौभाग्य प्राप्त हुने।

४. उपासकोपासिकाहरूलाई धर्मोपदेश गरी बुद्ध शिक्षा सिकाउने सौभाग्य प्राप्त हुने।

५. वर्षात्कालमा पानीले रुझ्दै यताउता हिंडिरहने बेला विभिन्न व्यक्तिबाट आउन सक्ने अपवादहरूबाट बच्न सकिने।

यसरी बुद्धकालिन समय देखिनै वर्षावास बस्ने नियमले माथि उल्लेखित फाइदाहरू प्राप्त भइरहेको देखिन्छ भने आजभोलीको समय सम्म पनि यस नियमले विभिन्न फाइदाहरू नै प्रदान गरिरहेकै देखिन्छ।

१. वर्षावास बस्ने केहि दिन अगाडि नै भिक्षु, भिक्षुणी संघ (प्रव्रजित गुरुमां संघ) मध्ये आआफ्नो संघमा आपत्ति देशना गर्दै आत्मालोचना गर्नुपर्ने चलन छ। जुन कार्यले आ-आफ्ना कमी कमजोरीहरूलाई स्मरण गरी अभिमान र घमण्ड जस्ता अकुशल चेतनाहरूलाई सिथिल पार्दै आफूलाई सुधार्ने मौका प्राप्त भइरहेको हुन्छ। आ-आफ्ना संघले पालन गर्नुपर्ने जति पनि विनय नियमहरू छन्, ती नियमहरूलाई पुन: स्मरण गराई, यदि आफूले ती सबै नियमकरु पालन गर्नमा त्रुटी गरिरहेको छ भने पनि पुन: नियम पालन गराउन मद्दत पुऱ्याइरहेको हुन्छ। अर्को शब्दमा भन्ने हो भने नियम पालन गर्ने कार्यमा पुनर्ताजगी (Recharge) गराउना मद्दत गरिरहेको हुन्छ। यस कार्य सबैलाई अति महत्त्वपूर्ण भइरहेको हुन्छ।

२. वर्षावास समापन हुँदा पनि आ-आफ्ना संघहरू बिच एकत्र रही आ-आफ्नो गलती एवं कमी कमजोरीहरू भएमा समूह बिच व्यक्त गरी परस्पर क्षमायाचना गर्ने चलन छ। यसरी आत्मालोचना गर्ने बानीले हरेक व्यक्तिको जीवनमा होशियारीपूर्वक जीवन जीउने शक्ति प्रदान गरिरहेको हुन्छ।

३. वर्षावास अवधि ३ महिना आ-आफ्नो संघका समूह आ-आफ्ना स्थानहरूमा वसोवास गरी अन्यत्र नजाने नियम पालन गरेपनि केही गरी वाध्यता आइपर्ने अवस्थामा ७ दिन सम्मको लागि बाहिर जान पाउने मौका पनि प्रदान गरिएको छ। वाध्यता रूपी विभिन्न कारणहरू यसरी रहेका छन्-

- धर्मोपदेश गर्न जान परेमा
- आमा, बुबा र आफ्ना नाता कुटुम्बहरू विरामी परी हेरविचार गर्न जान परेमा।
- भोजन निमन्त्रणामा जान परेमा।

यसरी वाध्यतावस बाहिर जाँदा केही बिघ्न बाधा नआए एक हप्ता भित्र फर्किनु पर्ने हुन्छ।

वर्षावास बसेको स्थानमा चोर भय, पानीपरी बाढी पैरो आदिको भय आदि विभिन्न भय आएमा खानपिनको समस्या परेमा उक्त वर्षावास त्याग्न पनि सकिनेछ।

यसरी भगवान् बुद्ध दूरदर्शी एवं व्यवहारिक गुरु हुनुभएको कारणले बुद्ध शासनमा उहाँका शिष्यहरूले समयानुकुल र व्यवहारिक जीवन बिताउन कुनै कष्ट झेल्न परेको देखिंदैन। बुद्धकालिन समय देखि आज सम्म पनि वर्षावास बस्ने नियमलाई निरन्तरता दिईरहन सहज भइरहेको देखिन्छ। भगवान् बुद्धले आफ्ना शिष्यहरूको भविष्यमा कुनै बाधा अडचन नआउने गरी भविष्यमा सरल एवम् सहज रुपमा जीवन बिताउन सकिने नियमहरू पालन गर्न सिकाउनु भएको छ। यी नियमहरू पालन गर्दै शील, समाधि र प्रज्ञाको मार्गमा निरन्तर लाग्न सकौं। फलस्वरुप लोकुत्तर ज्ञान प्राप्त गरी प्रव्रजित जीवनको लक्ष साकार गर्न सकौं। भवतु सब्ब मङ्गलम्।



# भित्री मन कस्तो छ ?

✍ **सत्यनारायण गोयन्का**

जसलाई आफू भित्रको सत्यको दर्शन गर्नुछ, जसलाई आफू भित्रको परम सत्यको दशर्न गर्नुछ, उसले धेरै परिश्रम गर्नु पर्छ। उसले धेरै मिहनेत, धेरै पराक्रम, धेरै पुरुषार्थ गर्नु पर्ने हुन्छ। धेरै बुझेर काम गर्नुपर्छ। बेठीक तरीकाले काम गर्दै गयो भने जुन परिणाम आउनु पर्ने हो त्यो आउँदैन। जुन सत्य यस समय सामू देखा परिरहेछ बस, त्यसलाई नै समझदारी पूर्वक स्वीकार गर्नुपर्छ। त्यसमा कुनै रंग-रोगन लगाउँनु हुँदैन। कहिले यस मान्यताको र कहिले त्यस मान्यताको रंग-रोगन लगायो भने यथार्थ भन्दा पर हुँदै जान्छ।

यो व्यक्ति बोधिवृक्षको मुनि बसेर आफू भित्रको सत्यको बारेमा अनुसन्धान गर्दैछ, ऊ सत्यको खोजी गर्दा गर्दै स्थूल अवस्थाबाट सूक्ष्म अवस्थातिर अगाडि बढ्दै गईरहेछ। दुःख के हो - यसलाई आफ्नो अनुभवले जानिरहेछ। **यम्पिछं न लभति तम्पि दुक्खं** - आफ्नो ईच्छा पूरा भएन भने दुःख हुन्छ। यति मात्रै अनुभव गरेर बुद्ध बनेको होईन। यसभन्दा पनि अझ भित्रसम्म जानु छ। भित्र-भित्र जाँदा-जाँदा सबै कुरा स्पष्ट हुँदै गयो कि- **सङ्खित्तेन पञ्चुपादानखन्धा दुक्खा।** जबसम्म मन विक्षिप्त छ, चञ्चल छ तबसम्म बलियो हुँदैन। यस्तो मनले भित्र सम्मको प्रज्ञा जगाउन सक्दैन। मन संक्षिप्त हुँदै-हुँदै प्रज्ञा बलवान हुँदै जान्छ र भित्र-भित्र छिर्दै-छिर्दै, भेदन गर्दै, टुक्रा-टुक्रा गर्दै-गर्दै सत्यको दर्शन हुन थाल्छ। त्यस अवस्थामा **सङ्खित्तेन**-संक्षिप्त रुपमा के थाहापायो त ? "**पञ्चुपादानखन्धा दुक्खा**- यी जुन पाँच स्कन्धहरू छन् तिनको प्रति कति धेरै उपादान छ। आजकलको भाषामा भन्ने हो भने तिनको प्रति कति धेरै आसक्ति छन्। यो दुःख हो र यसको मूलसम्म थाहा पाउँदै गए। पाँचवटा स्कन्ध भनेका के-के हुन् ? एउटा त यो भौतिक स्कन्ध, यो शरीरको स्कन्ध-पृथ्वी, अग्नि, जल, वायु र तिनका आ-आफ्ना स्वभाव यी सबै मिलेर एउटा अष्टकलाप बन्दछ। एउटा अष्टकलाप र अर्को अष्टकलापको बिचमा शून्य छ। एउटा भौतिक स्कन्ध र चार वटा चित्त स्कन्ध। मनको- एउटा स्कन्ध 'विज्ञान' जसले जान्ने काम गर्दछ, दोस्रो "संज्ञा" जसले चिन्ने काम गर्छ, तेस्रो "वेदना" जसले अनुभव गर्ने काम गर्छ र चौथो "संस्कार" जसले प्रतिक्रिया गर्दै कर्म-संस्कारको गाँठो बाँध्दछ। यी चार स्कन्ध विज्ञान, संज्ञा, वेदना र संस्कार र एउटा भौतिक स्कन्ध गरी पाँच स्कन्धको प्रति कति धेरै आसक्ति। हामी भन्न त धेरै भन्छौं कि यो शरीर मेरो होईन, यो शरीर म होईन, यो मेरो आत्मा होईन। यो चित्त म होईन, मेरो होईन, मेरो आत्मा होईन। भित्र हेर्न थाल्यौं भने थाहा हुन्छ कि यो शरीर नै म रहेछ, मेरो रहेछ। यो चित्त नै म भएछ, मेरो भएछ। यसको प्रति कति ठूलो सम्बन्ध गाँसिसकेछौं ? कति धेरै आसक्ति बनाईसकेछौं ? व्यवहार जगतमा म पनि भन्नु पर्छ, मेरो पनि भन्नु पर्छ, यो भिन्नै कुरा भयो। तर यो शरीर नै हो जब भन्छौं कि म धेरै सुन्दर छुँ। शरीर सुन्दर छ कि तिमी सुन्दर छौ ? यहाँ आएर शरीर नै म हुनगयो। म अग्लो छु। म पुड्को छु। म नराम्रो छु। यहाँ त शरीरलाई नै आफ्नो बनायो नि। केवल व्यवहार जगतको मात्र कुरा होईन, त्यसको प्रति धेरै आसक्ति छ। म र मेरो भन्ने भाव छ। "मेरो शरीर"। यस्तै "मेरो चित्त"। जुन जान्ने वाला छ उसले जान्ने आफ्नो काम गर्दछ तर हामी सम्झिन्छौं कि यो मैले जानिरहेछु। यो मैले थाहापाएको हो। चिन्ने वाला चित्तले चिनिने काम गर्दछ तर हामी ठान्छौं कि मैले चिनिरहेछु। अनुभव गर्ने चित्तले अनुभव गरिरहेको हुन्छ। प्रतिक्रिया गर्ने चित्तले प्रतिक्रिया गरिरहेको हुन्छ तर मैले अनुभव गरिरहेको छु। मैले प्रतिक्रिया गरिरहेछु जस्तो हुन्छ।

म, मेरो - म, मेरो कति गहिरो छाप, कति गहिरो चिपकाव। ब्याकुल नै ब्याकुल। चाहे हजार पटक भनिरहुन् कि यो म होईन, यो मेरो शरीर होईन, यो मेरो आत्मा होईन। यो चित्त पनि म होईन, मेरो होईन, मेरो आत्मा होईन। तर भित्र त वास्तवमा त्यही भईरहेछ नि। भित्र हेर्‍यौं भने थाहा हुन्छ कि वास्तवमा यही भईरहेछ।

शिविरहरूमा यस्तै घटनाहरू भईरहन्छन्। कोही आएर भन्छ कि हेर्नुस् मैले सुनेको छु कि दस दिन अभ्यास

*( क्रमशः पेज २१ मा हेर्नुहोला )*



भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

*भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## २०. उद्देश्य पथमा

*लेखक-* **वर्मी भिक्षु र वे थ्वं महास्थविर**

*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

२१. **जन्मभूमि**

आठ वर्षको अन्तरालमा हिराथकूँ उपासिकाको परिस्थिति निकै परिवर्तन भइसकेको थियो । उसको परिवार सुमङ्गल विहारबाट नजिक पर्ने स्थान वकुवहाल टोलमा रहेको घर छोडेर हौगल बजारमा एउटा घर किनेर बस्न आएको थियो । त्यसैले हिराथकूँले दिन दिनै विहार जानुको सट्टा प्रत्येक दिन बिहान र साँझ दुई पटक घरैमा बुद्धपूजा गर्ने गरेकी थिई । बुद्धपूजाको अलावा दिन दिनै फुर्सद पायो कि ध्यान-भावना पनि गर्ने गरेकी थिई, उसले ।

हीराथकूँ उपासिकाले आफ्नै छुट्टै एउटा पूजा कोठा बनाएकी थिई । त्यस पूजा कोठामा उसले आफ्नी छोरी धम्मवतीले बर्माबाट पठाइदिएको सिंगमरमरको बुद्धमूर्ति स्थापना गरेकी थिई । त्यस पूजा कोठाभित्र पस्ने बित्तिकै त्यो बुद्ध मूर्तिले उसलाई धम्मवतीको सम्झना दिलाइदिने गरेको थियो ।

आठ वर्षको अन्तरालमा हिराथकूँकी छोरी धम्मवतीले बुद्ध-धर्म सम्बन्धी उच्चशिक्षा पढेर आफ्नो स्वभाव र प्रवृत्तिमा आमुल परिवर्तन ल्याइसकेकी थिइन् । त्यसरी परिवर्तित भइसकेकी धम्मवतीको तस्विरहरू हिराथकूँसित थुप्रै थिए । तर पनि हिराथकूँको मानसपतलमा ती तस्विरकी धम्मवती होइन उही आठ वर्ष पहिलेकी, बर्मा जाने तिव्र आकांक्षा लिएर बर्मा पठाइमाग्न आउने चञ्चल र जिद्दी स्वभावकी गणेशकुमारीकै छवि मात्र खेल्न आउने गर्दथ्यो ।

दिउँसोको खाजा खुवाउने र खाने काम सकाएर बाँकि भएको फुर्सदको समय ध्यान-भावना गरेर बिताउने अभिप्रायले आफ्नो पूजा कोठाभित्र पसेकी हिराथकूँको मनमा अनायास नै धम्मवतीको कुरो सलबलाउन लाग्यो – "धम्मवती उच्च बौद्ध-शिक्षा पाउनमा सफल हुँदै गएकी छे रे । त्यसैले ऊ नेपाल फर्कने कुरो होइन अझ बढी पढ्दै जाने कुरो मात्र लेखि पठाउने गर्दछे । तर उसलाई मात्र कति पढ्नु परेको भनेको नि ! उसका सहेलीहरू मागधी र माधवी ऊ भन्दा कति वर्ष पछि २५०० सौं बुद्ध जयन्ती ताका बर्मा गएर तीन वर्षमै फर्केर आए । अहिले ती दुई दिदी-बहिनी बच्चाहरूको स्कूल खोलेर सयौं बच्चाहरूलाई आधुनिक शिक्षाका साथसाथै बुद्ध शिक्षा पनि दिएर कति जाति काम गरिरहेका छन् । ... ...

तर धम्मवती ... ऊ भने खालि पढी बसेका छन्, छन् । ... कति पढ्नु परेको उसलाई मात्र ? जति पढे पनि मुख्य कुरो त – शील पालना गर्नु, दान-धर्म गर्नु र ध्यान-भावना गर्नु न हो ? कति कति पढेको भन्ने देश विदेशका भिक्षुहरू सबैले दिने उपदेशमा भनिने कुराहरू त्यही न हुन् !

त्यो धम्मवतीलाई कतिचोटि लेखि पठाइसके "अब त पढ्न पुग्यो, चाँडै देशमा फर्क" – भनेर । तर त्यो जिद्दी छोरी भनेको कुरो एउटा तेर्ने खालकी होइन । पहिले नै त्यस्तो जिद्दी ... अहिले त पढी-लेखी हामी भन्दा धेरै धेरै जान्ने भइसकी । भनेको के तेर्थी !

ऊ त्यसरी के के भए भरका जति पढेर मात्र फर्कने हो भने ऊ फर्कने बेलासम्ममा हामी बुढा–बुढी बाँचिरहने पनि हुन कि होइनन् ? कसलाई के थाहा ? त्यसैले सधैंको लागी नभए कमसेकम केही महिनाको छुट्टीमा भए पनि आउनु भनेर लेखी पठाएको पनि धेरै पटक भइसक्यो । बल्ल अस्ति आइपुगेको पत्रमा – "केही दिनमै नेपाल पुग्ने छु" – भनेर लेखिपठाएको छ । तर त्यो केही दिन भनेको साँच्चै कति दिन हुने हो केही थाहा छैन । न हामी बुढा-बुढी भइसकेका आमा-बुबाको मन राख्न मात्रै त्यसरी लेखिपठाएकी हुन् कि ? ... ... त्यसो त शीलवती भएकी बुद्ध-धर्म सम्बन्धमा त्यतिका पढेकी, उसले ढाँट कुरो कसरी लेख्ला र ? आउन त साँच्चै

आउने नै होला ।

नेपाल आउन मोलमिनबाट रंगून आइसकेपछि रंगूनबाट लेखेको पत्र हो त्यो । त्यो पत्र आउने बित्तिकै बाबुचाहिंले नेपाल पुग्ने दिन र समय कितान गरेर आकाशवाणी पठाउनु भनेर खबर पठाइसकेको छ । छोरी आउँछे भनेर अहिले ऊ अति खुशी भएको छ । सबैजना गएर विमानस्थलमा राम्ररी स्वागत गर्नुपर्छ, उसँग सल्लाह गरेर अहिले नै पछि पढाइ सकेर आएपछि विहार बनाउने जग्गा पनि किन्नुपर्छ – त्यस्तै के के भन्दै थियो ऊ । ...”

“आमा ! तल सडकमा, हाम्रो घरनेर रोकिएको एउटा ट्याक्सीबाट ओर्लेकी एउटी अनगारिका किन हो कुन्नी हाम्रो घरतिर नियालेर हेर्दै थिइन् । उनी तपाईंलाई नै भेट्न आएकी होलिन् । म उनीसित कुरा बुझ्दै गर्छु । ... ...तपाईं चाँडै ओर्लनुस् है आमा !”

आफ्नो कोठामा पढ्न बसेको कान्छो छोरो मोतिकाजीले भऱ्याङ्गबाट ओर्लंदै भनेर ल्याएका उपरोक्त शब्दहरूले हिराथकूँको तर्कनामा एउटा मोड ल्याइदियो । त्यो अनगारिका आफ्नै छोरीकै विषयमा कुनै सन्देश लिएर आएकी होली भन्ने कुरो उसको मनमा खट्क्यो । त्यसैले ऊ हतारिँदै तल ओर्ली । यसरी ओर्लेकी उसले माटनमा, बैठक कोठानेर, आफ्नो कान्छो छोरा मोतिकाजीको पछिलागेर आएकी एउटी अपरिचित, विदेशी लुगा लगाएकी अनगारिकासँग जम्का भेट गर्नु पर्दा ऊ एकछिन अकमकी । एकछिनपछि उसले शिष्टाचारको नियमानुसार त्यस अपरिचित नवागन्तुकलाई बैठक कोठामा लगेर बसाली ।

बैठककोठा भित्र निर्दिष्ट स्थानमा बसेकी आगन्तुकलाई आमा-छोरा दुई मध्ये कसैले पनि केही भनेन । आगन्तुकले तल सडकमा, म हिराथकूँ उपासिकालाई भेट्न आएकी–भनेकीले छोरोचाहिं आगन्तुक आफ्नी आमाले चिनेकी कोही होली भनेर मौन रह्यो भने उता आमाचाहिं छोरोले माथि ल्याएकी अपरिचिताको सम्बन्धमा पहिले छोरोले नै केही भन्ने होला भनेर छोरा कै मुख ताकेर बसी । यसरी आमा-छोरा दुबै जना आपसमा मुख ताकेर बसेको देखेपछि सर्वप्रथम आगन्तुकले नै मुख खोली

– “आमाले मलाई चिन्नु भएन के ?”

“हँ ... ... ” – आगन्तुकको स्वरले हिराथकूँलाई अकस्मात विस्मित पाऱ्यो । उसको मनमा आश्चर्य र हर्षको एकसाथ ठूलो भेल आयो । मनमा आएको आवेगमा बगेकी उनी केही बेरसम्म अकमकीरही । त्यस पछि आफ्नो कान्छो छोरा र त्यो सँगै हातमा आगन्तुकको सुटकेस र बाय्ग लिएर उभिरहेको घरको नोकर कृष्ण नारायणलाई लक्ष्य गरेर उसले भनी – “के तिमीहरूले अझै चिनेनौ यिनीलाई ? ... यिनी ... यिनी ... हाम्री धम्मवती हुन् । ... हो ... धम्मवती ... । तिम्री दिदी ... धम्मवती ... । त्यहाँ झुण्ड्याइराखेको ... उ त्यो तस्विर हेर त ! यिनी नै हुन् उनी । ... ऐ ! किस नायराँ ! जाऊ ... झट्टै जाऊ ... बाज्येलाई बोलाएर ल्याऊ । धनकाजी र मानकाजीलाई पनि बोलाएर ल्याऊ । बर्माबाट धम्मवती आइपुगेकी छे भन्नु । जाऊ, सबैलाई बोलाएर ल्याऊ । ...”

हर्ष र विस्मयको आवेग कम भएपछि हिराथकूँले उत्तम शीलवती भावमा पुगेकी आफ्नी स्नेही छोरीलाई सआदर वन्दना गरी अनि आफ्नो कुरो भनी– “केही खबरै नगरिकन एक्कासि आइपुग्यौ । तिमी यसरी आइपुग्नेछौ भनेर त मैले सपनामा पनि चिताएकी थिइनँ । तिम्रो बुबाले- आउने दिन निश्चित भएपछि खबर पठाउनु – भनेर पठाएको आकाशवाणी तिमीले पाएनौ के ? किन यसरी एक्कासि आइपुगेकी ? विमानस्थलबाट एक्लै आउनु पर्दा कति अप्ठेरो पऱ्यो होला । यो नयाँ घर तिमीले देखेका थिएनौ । घर खोज्नमा पनि हैरानी पायौ होला । कठैवरी ...”

“होइन, आमा ! कति पनि हैरानी झेल्न परेको छैन । ठेगाना भनेपछि ट्याक्सी ड्राइभरले घर दहिलोसम्मै ल्याइपुऱ्याइदियो । यो घरको तस्विर मगाएर हेरिराखेको हुनाले घर पनि यही हुनु पर्छ भनेर माथि हेर्दा झ्यालबाट हेरिरहेको यो कान्छो भाइ तुरन्तै तल ओर्लेर कसलाई भेट्न आउनु भएको भनेर सोध्न आइपुग्यो । सानैमा छोडेर गएको यो कान्छो भाइ मोतिकाजीलाई चिन्न त मैले चिनिनँ । तर मैले – हिराथकूँ उपासिकालाई भेट्न आएको – भन्ने बित्तिकै यसले – म उसको कान्छो छोरा हुँ, आमा माथि हुनुहुन्छ, माथि पाल्नुहोस् – भनेर माथि ल्याइपुऱ्यायो । यति सजिलै घर आइपुगेकी छु । यसमा के को दुःख ?”

आमा- छोरीको वार्ता परिवारका अन्य सदस्यहरूको

आगमनको कारण बिचैमा टुंगियो । केहीबेरमै एक एक गरी जम्मा हुन आएका परिवारले धम्मवतीलाई घेरे । उनीहरू सबै धम्मवतीलाई आफूहरू बीच पाएकोमा खुशी थिए । कुशलवार्ताको क्रममा, धम्मवतीले प्रत्येक पल्ट परीक्षामा सफलता पाएको उपलक्ष्यमा भिक्षुहरूलाई भोजन दान गरेर उत्सव मनाउने गरेको, एक दिन धम्मवतीबाट गम्भीर बुद्ध-धर्म सम्बन्धमा उत्तम उपदेश सुन्न पाउने आशा लिएर बसेको आदि कुराहरू उनीहरूले धम्मवतीलाई सुनाए । धम्मवतीले पनि उनीहरूलाई, आफ्ना बुबा-आमा र ज्ञाति- बन्धुहरूलाई सम्झने गरेको, नेपालमा बुद्ध-धर्म प्रचार प्रशार गर्ने उद्देश्यले प्रेरित भएर दिन-रात अथक परिश्रम गर्ने गरेको आदि कुराहरू सुनाइन् ।

परिवारसितको कुराकानी नटुगिँदैमा अन्य थुप्रै नाता-कुटुम्ब र छर-छिमेकका मानिसहरू पनि आइपुगे । यसरी जम्मा हुन आएका मानिसहरूले, धम्मवतीबाट थेरवादी बुद्ध-धर्म र मित्रराष्ट्र बर्मा विषयक अनेक घटलाग्दा कुराहरू सुन्न पाउँदा, धम्मवती भर्खरै मात्र विदेशको यात्राबाट आएकीले धेरै थाकेकी हौली र उनलाई समयमै आराम गर्ने मौका दिनु पर्छ – भन्ने व्यावहारिक कुरो पनि बिर्सिदिए । बेलुकी अबेर भइसकेपछि हिराथकूँले आफ्नी थाकेकी छोरीलाई विश्राम दिलाउनु पर्ने कुरो सम्झाएपछि मात्र ती मानिसहरू सबै फर्केर गए ।

केही दिनको छुट्टी मिलाएर स्वदेश फर्केकी धम्मवती झण्डै दुई महिनासम्म नेपालमै बस्नमा बाध्य भइन् । यति अवधि भित्र उनले एकदिन पनि थेरवादी बुद्ध-धर्मको प्रचार-प्रसार कार्य नगरिकन बिताइनन् । कहिले कुनै विहारमा त कहिले कुनै उपासक-उपासिकाको घरमा, कहिले कुनै छिमेकको घरमा त कहिले कुनै ज्ञाति-बन्धुको घरमा, प्रत्येक दिन धम्मवतीलाई कहीं न कहीं थेरवादी बुद्ध-धर्म सम्बन्धी उपदेश दिन निम्त्याइएको थियो । यसरी दिइएको निमन्त्रणाको अलावा, आफ्नै घरमा, बिहान सबेरै देखि रात अवेरसम्म थेरवादी बुद्ध-धर्म सम्बन्धी छलफल गर्न आउने मानिसहरूको पनि कमी कहिल्यै भएन । थेरवादी बुद्ध-धर्मको प्रचार-प्रशार कार्य त्यसरी नै गर्न सकोस् भन्ने उद्देश्यले नै धम्मवतीले गृहत्याग गरी अनेक दुःख-कष्ट झेलेर बनजंगलको बाटो गरी बर्मामा जाने अठोट गरेकी थिइन् । त्यसैले धम्मवतीले धर्म-प्रचार कार्यमा कहिल्यै थकाइ या आलस्यको अनुभव गरिनन् । हो, कहिले काहीं, आफ्नी छोरीको स्वास्थ्यको चिन्ताले हिराथकूँ उपासिकाले अबेर रात भइसक्दा पनि आफ्नो धीत नमरून्जेल छलफल गरिरहनेहरूलाई समय बोध गराइदिने गर्दथिई । त्यसबेला पनि धम्मवती आफ्नी आमासँग त्यसरी तोक लगाउने काम नगर्न अनुरोध गर्दथिइन् । उनी आफ्नो स्वास्थ्यभन्दा समयको सदुपयोग गर्नमा बढी महत्व भएको कुरो आफ्नी आमालाई सम्झाउने प्रयास गर्दथिइन् ।

धम्मवतीको बुबा श्री हर्षमान जातपातमा विश्वास राख्दथ्यो । आफ्नी छोरी तल्लो जातको घरमा बोलाइने भोजन निमन्त्रणामा नजावोस् भन्ने कुरो उच्च स्तरिय शाक्य जातका हर्षमान चाहन्थ्यो । त्यसैले खाना गडबड भएमा स्वास्थ्य बिग्रने आदि कारण देखाएर आफ्नो छोरीलाई सधैंभर घरैमा मात्र भोजन गर्ने र अरू कसैको घरको भोजन निमन्त्रणा स्वीकार नगर्ने सल्लाह उसले दिएको थियो । यसरी सल्लाह दिएको बुबालाई धम्मवतीले शाक्यमुनि तथागतले शुद्धोदन महाराजालाई बुद्धवंश विषय दिनु भएको उपदेश सुनाएर तथा भिक्षु-भिक्षुणीवंश अन्तरगतका अनगारिकाहरूले कसैद्वारा श्रद्धापूर्वक दिएको भोजन निमन्त्रणा ठाडै अस्वीकार गर्न नमिल्ने कुरो सुनाएर सम्झाउने काम गरेकी थिइन् । धम्मवतीले यसरी कुरो सम्झाएपछि, आफ्नो चित्त नबुझे पनि हर्षमान, आफ्नी स्नेही छोरीको इच्छा र छन्दको विरोध गर्न नसक्ने अवस्थामा पुग्यो । त्यसैले शुरूका हप्तादिन पछि, धम्मवतीले श्रद्धालुहरूको भोजन निमन्त्रणा पनि स्वीकार गर्न थालिन् । त्यसपछि धम्मवतीले पुनः बर्मा फर्कने दिनसम्म कहिले पनि आफ्नो घरमा भोजन गर्नु परेन ।

दुई महिनाको नेपाल बसाइबाट, धम्मवती विद्याध्ययनमा मात्र होइन धर्म-प्रचार कार्यमा पनि त्यत्तिकै दक्ष छ भन्ने कुरो प्रमाणित भयो । त्यति अवधिभरमा उनी यति लोकप्रिय भइन् कि काठमाण्डौ उपत्यकाका प्रायः सम्पूर्ण उपासक-उपासिकाहरूले उनलाई उनको पुनः बर्मा फर्कने विचार त्यागिदिन अनुरोध गरे । उनका प्रिय सहेलीहरू मागधी र माधवीले त उनीलाई बर्मा फर्कने अन्तिम दिनसम्म पनि बर्मा नफर्की उनीहरूसितै बसेर आपसमा मिलिजुलि बुद्ध-शासन कार्यमा सक्दो टेवा दिने

*( क्रमशः पेज १९ मा हेर्नुहोला )*



# बौद्ध-ऋषि महाप्रज्ञा-२

✍ **रत्नसुन्दर शाक्य** *'परियत्ति सद्धम्म पालक'*

यसैक्रममा एकदिन लगनटोलस्थित हीरारत्न शाक्यको घरमा छोपूजा गरिरहेको बेला मित्र दाल्चिनी मानन्धरले प्रेमबहादुर श्रेष्ठलाई त्यहाँ देखाउन लगेको थियो । शुरूमा त्यस पूजालाई देखावटी सम्भी हीनभावले हेर्नुभएका प्रेमबहादुर श्रेष्ठले पछि क्यान्छ्या लामाको उपदेश सुनी प्रभावित हुँदै जानुभयो । क्यान्छ्या लामाको उपदेश (तिब्बती) लाई नेपाल-भाषामा अनुवाद यटखा बहालका तिब्बतीभाषाविद् बेखारत्न ताम्राकारले गरिदिन्थ्यो भने त्यसलाई पुनः विस्तृत रूपमा व्याख्या पाटनका पं. बुद्धिराज शाक्यले गरिदिन्थ्यो ।

विशेषतः क्यान्छ्या लामा (निधन-२२ कार्तिक १९९८ लक्ष्मीपूजा, ने.सं. १०८०) का ४ रत्न (अष्टादशलक्षण, संसार अनित्य, षदगति सम्बन्धी दुःख र कर्मानुसार विपाकको फल) बारे धर्मोपदेशबाट प्रेमबहादुर श्रेष्ठ निकै प्रभावित हुनुभयो । पछि वहाँले क्यान्छ्या लामालाई नछोडिकन सेवा गर्दैरहे । जब लामाले तिब्बत फर्कने कुरा शुरू गर्नुभयो तब प्रेमबहादुरले पनि साथै जान आग्रह गर्नुभयो तर प्रेमबहादुरको यौवनावस्था (२२/२३ वर्ष) देखि तिब्बतमा पुग्न (जान) असमर्थ होला भन्ने शङ्का गरी एक्लैभात्र स्वदेश फर्कनुभएको थियो । क्यान्छ्या लामा त प्रस्थान गर्नुभयो तर प्रेमबहादुर श्रेष्ठको वैराग्य भावना यथावतै रहेको थियो तसर्थ जस्तो भित्रीमन, बाहिर पनि त्यस्तै स्वभाव (परिस्थिति) हुन आयो - वैराग्यपूर्ण भजन गाउनु, घरमा गृहलक्ष्मी एवं मातापिताको कठोर वचन (कमाई नल्याएको), नाताकुटुम्बहरूले आफ्नो कुलधर्म (हिन्दू) छोडी बुद्ध-धर्ममा लागिरहेको कारण हेलचक्रचाइँ आदि थियो ।

यस्तैमा कान्तिपुरमा "कुश्योरिम्पोछे" नामक अन्य एक लामा स्वयम्भूस्तूपको दर्शनार्थ आइपुग्नुभयो । वहाँ लामाज्यू तँलाछि (त्यौड) मा धर्ममान साहू (वि.सं. १९१८-१९९४) को घरमा रहनुभएको थियो । त्यहीँ प्रेमबहादुर श्रेष्ठलाई वहाँको दर्शन गर्न पाइएको थियो । प्रेमबहादुर श्रेष्ठ 'ललितविस्तर' ग्रन्थको अध्ययन मनन पश्चात् "सर्वार्थसिद्ध" नामक नाटक बनाउने दौरानमा सहायतार्थ बराबर धर्ममान साहूकहाँ पुग्ने गर्नुहुन्थ्यो ।

प्रथम पटकको दर्शनमै प्रेमबहादुर श्रेष्ठ लामा कुश्योरिम्पोछेबाट प्रभावित हुनुभएको थियो । क्यान्छ्या लामाले अपूर्ण गरिदिएको वहाँको लक्ष्य कुश्योरिम्पोछेको तर्फबाट पूर्ण गर्ने अभिप्रायले प्रेमबहादुर श्रेष्ठले धर्ममान साहूलाई द्विभाषिय बनाई आफ्नो इच्छा लामाज्यूसमक्ष जाहेर गर्नुभयो तर लामा कुश्योरिम्पोछेले पनि वहाँलाई विश्वास गर्नुभएन, वहाँको कलिलो उमेरको कारण ।

लामा कुश्योरिम्पोछे नेपालका विभिन्न दर्शनीय स्थलहरूको अवलोकन गरिसकेपछि एक दिन बिहान सबेरै तिब्बतको निमित्त प्रस्थान गरिनैहाले । त्यही दिन बिहानै प्रेमबहादुर धर्ममान साहूको घर पुगेको बेला लामाज्यू रहनुभएको कोठा खाली भएको देख्नासाथ अफशोच गरी घर फर्कनुभयो । वहाँ दिनभर छटपटिनुभयो र रातभर मनमा कुरा खेलाई बिहान सबेरै तोपको आवाजपछि आफ्नो पत्नीलाई "स्वयम्भू स्तूप" मा एकचोटि गएर आउँछु र त्यहाँ एक मित्रलाई भेटनु छ, विस्तार हुनेछ, खानाको निमित्त पर्खिराख्नुपर्दैन" भनी भित्री आशय अन्य राखी वहाँले सदाको निमित्त आफ्नो घरबार त्यागी वीरबल रञ्जितकार नामक एक हितैषी मित्रको तर्फबाट खानपानको प्रबन्धको निमित्त आवश्यक केही सरसामानहरू र धर्ममान साहूसित अनुमतिका साथ केही द्रव्य सहयोग पाएपछि सरासर लामाज्यू जानुभएको बाटो (ल्हुती-धमाथू-न्याग:मणि-रानीपौवा-तारी नदी) लागे ।

लामाज्यूको दुइ दिनको बाटो-आफूले एक दिनमा

पुगी तारी नदीको किनार (लामा बास बसेको ठाउँ) मा पुग्नुभयो । प्रेमबहादुरलाई देख्नासाथ लामा कुश्योरिम्पोछे छक्क हुनुभयो र वहाँको आकांक्षालाई खुशीसाथ स्वीकार गर्नुभयो । त्यहाँ देखि वहाँहरू सबै ३ दिनको बाटो गरी 'केरूङ्ग' पुग्नु भएको थियो । विशेषतः प्रेमबहादुर श्रेष्ठको बार-बारको प्रार्थनापश्चात् लामा कुश्योरिम्पोछेले वहाँका साथै अन्य दुइजना नेपालीलाई पनि केरूङ्गस्थित "फाक्पा गुम्बा" मा लगी प्रव्रजित गराए । प्रव्रज्यापश्चात् वहाँहरूको नाम यसप्रकार भयो-

१) प्रेमबहादुर श्रेष्ठ - पल्धेन श्यरब ।
२) हर्षदेव शाक्य - पल्धेन ख्यरब र
३) बुद्धरत्न (कान्छा) शाक्य - पल्धेन दावा ।

यसरी प्रेमबहादुर एवं अन्य दुइजना मित्र महायानी ढङ्गबाट सन् १९२४ मा प्रव्रजित (घ्येलुं) भएको केही हप्तापछि केरूङ्गबाट फर्कनुभयो । पल्धेन ख्यरब एकजना त्रिशूलीबाट गोर्खा आरूघाटतिर गएको कारण पल्धेन श्यरब र पल्धेन दावामात्र कान्तिपुर फर्कनुभयो ।

त्यसबेला कान्तिपुरमा "छेरिन्नोर्वु" नामक एक जटाधारी तपस्वी (लामा) खामबाट आइपुग्नु भएकोथियो । वहाँ सरकारसित अनुमति लिई नागार्जुन डाँडा (जामाःच्व) मा रही आफ्नो समाधिचर्य्यामा रहँदै थिए । वहाँहरू दुइजना (पल्धेन श्यरब र पल्धेन दावा) पनि वहाँको सत्सङ्गमा रहनुभयो । पछि अन्य ३ जना श्रद्धावानहरू पनि गुरु छेरिन्नोर्वुका शिष्य भई घ्येलुं/हुन आए । तिनीहरूको नाम गुरुको आज्ञानुसार पल्धेन श्यरबले नै यसप्रकार राखिदिए-

१) दाल्चिनी मानन्धर - पल्धेन छुत्थिङ्ग ।
२) बेखाराज शाक्य - पल्धेन चुन्दि र
३) ज्ञान शाक्य - पल्धेन नर्बू ।

यहाँहरू ३ जना लगायत वहाँहरू ५ जनाको तिब्बती नामको अर्थ यसप्रकार भए-

१) पल्धेन श्यरब - महाप्रज्ञा ।
२) पल्धेन दावा - महाचन्द्र ।
३) पल्धेन छुल्थिङ्ग - महाज्ञान ।
४) पल्धेन चुन्दि - महावीर्य ।
५) पल्धेन नर्बू - महाक्षान्ति ।

यसप्रकार वहाँहरू ५ जना घ्येलुंले छेरिन्नोर्बु




पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥
यही नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS

बिश्व मोटर ट्रेडर्स
अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइलः ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

लामाको छत्रछायामा रही बुद्ध-धर्मको ज्ञान बृद्धिगर्दै लग्नुभयो । गुरुको उपदेशलाई मनन गर्दै त्यसलाई मातृ भाषा (नेपाल-भाषा) मा अनुवाद गरी ठाउँ-ठाउँमा छाप्दै हिँड्नुभयो जसबाट दर्शकवर्गले हेरी बुद्ध-धर्मको परिचय थाहा पाउँदै गए ।

त्यसबेलासम्ममा वहाँहरूको पहिरणमा एकरूपता भएको थिएन, न कुनै भिक्षुको दर्शन नै वहाँहरूले पाउनु भएको थियो, अतः वहाँहरूले बहाल-बहिलहरूमा चित्रित एवं मुद्रित अग्रश्रावक सारिपुत्र र मौद्गल्यायन महास्थविरहरूका मूर्तिमा देखिएअनुरूप पहिरण बनाई एउटा-एउटा पिण्डपात्र हातमा लिई भिक्षाटन कार्य प्रारम्भ गर्नुभएको थियो ।

शताब्दियौंदेखि बुद्ध-धर्मलाई लोप गर्ने पक्षमा सक्षम रहेका कट्टर शक्तिसम्पन्न ब्राह्मणहरूलाई वहाँहरूको प्रादुर्भाव असह्य भयो । अतः ती हिन्दूधर्मान्ध ब्राह्मणहरूले पंक्तिबद्धरूपमा भिक्षाटन गर्दै आइरहनुभएका बौद्ध भिक्षुहरूलाई एकदिन श्री ३ चन्द्रशम्शेर (शासनकाल सन् १९०१-२९) समक्ष पुऱ्याउन सफल भए । त्यस समयावधिभित्रमा बुद्धधर्म विरोधी सम्पूर्ण तत्त्वहरू मिली त्यसभन्दा अगाडिसम्म नरहेको कानून तयार गरिसकेको थियो असअनुसार-

१) शिवमार्गी (हिन्दू) बाट बुद्ध-धर्ममा दीक्षित हुनेलाई दीक्षा छुटाएर पनि एक वर्ष कैद ।
२) दीक्षा दिने गुरुलाई ३ वर्ष कैद ।
३) बुद्ध मार्गमा दीक्षित हुन खोज्नेलाई ६ महिना कैद ।

यी कानूनहरू विशेषतः शिवमार्गीहरू बुद्ध-धर्म (मार्ग) मा दीक्षित नगराउनको निमित्त थियो तर बुद्धमार्गीहरू शिवमार्ग (हिन्दू धर्म) मा दीक्षित भएमा खुशीसाथ स्वीकार्य थियो- यस्तो थियो नेपालमा धर्मपालनको विधिविधान । *क्रमशः अर्को अङ्कमा*

## *आवरण चित्र परिचय*

धन्यवाद दिनु । किनभने उक्त व्यक्तिले तिमीमा अदृष्य रूपले लुकिराखेको दोष पत्ता लगाई अगाडि राखिदिएको छ । उक्त दोषलाई हटाउने प्रयत्न गर्दै जानु ।

यसरी नै यदि तिमी बुद्ध, धर्म र संघप्रति प्रशंसा गरेको सुनी हर्षोल्लास पूर्वक उन्मत्त हुन्छौ भने तिमीले आफ्नै हानी गरिरहेका हुनेछौ । किनभने तिमीमा अहंकार भावनाले स्थान लिइसकेको छ । अहंकारले हानिकारक संस्कार जगाइदिने गर्छ । त्यसैले कसैले तिम्रो प्रशंसा गर्छ भने तिमीले आफैलाई जाँच्ने गर्नु । यदि तिमीमा साँच्चैको उक्त राम्रो गुण विद्यमान छ भने उक्त गुणलाई सुरक्षित गरेर राख्ने प्रयत्न वा अभ्यास गर्नु । उक्त गुणलाई अझ बढाउँदै सम्वर्द्धन गर्नु । यदि उक्त गुण आफूमा छैन भने उक्त गुण जगाउन प्रयत्नशील बन्नु ।

यसरी सबै अवस्थामा तिम्रो प्रज्ञापूर्ण समता भाव जगाई रहनु । सबैलाई मङ्गल गर्नको लागि भगवान् बुद्धले कल्याणकारी आदेश दिनुभएको छ –

**फुट्ठस्स लोक धम्मेहि, चित्तं यस्स न कम्पति**
**अशोकं विरजं खेमं, एतं मंगलमुत्रमं ॥**

*(खुद्दक पाठ ५.१२, मङ्गलसुत्त)*

हाम्रो जीवनमा ८ प्रकारका लोक धर्महरू (निन्दा-प्रशंसा, यश-अपयश, जय-पराजय, हानी-लाभ) आदिको सम्पर्क भइ नै रहन्छ । यी सबै लोकधर्म अर्थात् सांसारिक स्वभाव हो । तर यस स्वभावबाट जसको चित्त बिचलित हुँदैन, जो व्यक्ति हरेक अवस्थामा शोकरहित भइ रहन सक्छ, चित्त मलबाट मुक्त रहन सक्छ, जो व्यक्ति प्रज्ञापूर्ण समता भावबाट आफ्नो योग-क्षेम् बनाइराख्न सक्छ, उसको उत्तम मंगल नै हुनेछ ।

*साभार- बुद्ध जीवन चित्रावली*

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | २०८१ भाद्र/आश्विन | बुद्धपूजा गर्नुहुने श्रद्धेय गुरुमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय गुरुमांहरू |
|---|---|---|---|
| १ | भाद्र २६ गते, बुधबार, अष्टमी | वण्णवती | वण्णवती |
| २ | आश्विन १ गते, मंगलबार, संक्रान्ति | क्षान्तिवती | क्षान्तिवती |
| ३ | आश्विन २ गते, बुधबार, पूर्णिमा | खेमावती | धम्मवती |
| ४ | आश्विन ९ गते, बुधबार, अष्टमी | दानवती | दानवती |
| ५ | आश्विन १६ गते, बुधबार, औंशी | खेमावती | खेमावती |

# पवित्र कथिन चीवर दान

**– तारा केशरी ढुंगाना**

वर्षावास बस्ने नियम बुद्धकालिन समय देखि नै चलि आएको नियम हो । भिक्षुहरू आषाढ पूर्णिमा देखि आश्विन पूर्णिमा ३ महिना आफूलाई अनुकूल मिल्ने ठाउँमा वा विहारमा शील, समाधि र प्रज्ञाको अभ्यास गरी जीवन बिताउने चलन छ । बोधिज्ञान प्राप्ति पछि २० वर्ष सम्म पनि भगवान् बुद्धले कुनै पनि नियम बनाउनु परेको रहेनछ । तर पछि समयानुसार आवश्यकता एवं माग अनुसार उहाँले विभिन्न नियमहरू बनाउनु भएको देखिन्छ । विभिन्न घटनाहरूले उब्जाएका समस्याहरू समाधान गर्नको लागि विभिन्न नियमहरू बनाइएका मध्ये वर्षावास बस्ने नियम पनि एक हो ।

वर्षावास नियम पालन गर्नुहुने भिक्षु भिक्षुणीहरूले वर्षाकाल ३ महिना एक स्थानमा बसोबास गरी अन्यत्र स्थानहरूमा चारिका गर्न हुन्न । यस ३ महिना भिक्षु भिक्षुणीहरूलाई चतुप्रत्यय (खाना, लुगा, बास र औषधी) दाताहरूबाट परिपूर्ति गरी पालन पोषण गरिन्छ ।

बुद्धकालीन समयमा वर्षावास समापन पश्चात् ३० जना भिक्षुहरू भगवान् बुद्ध दर्शन गर्न जानुहँदा वर्षाले रुझी धेरै दुःख कष्ट भोग्नु परेको थियो । त्यसबेला चीवर फेर्नको लागि जगेडा चीवर पनि थिएन । त्यसैले वर्षावास बस्नुहुने भिक्षुहरूको लागि कठिन चीवर दान गर्नुपर्ने नियम भगवान् बुद्धले बनाइदिनु भएको थियो । उक्त कथिन चीवर व्यक्तिगत हिसाबले होइन भिक्षुसंघलाई दान दिइन्छ । एक वर्षमा वर्षावास पूरा गरिएको एक स्थानमा एकपटक मात्र उक्त कथिन चीवर दान दिन पाउने नियम बनाइयो । कथिन चीवर प्राप्त गर्नुहुने भिक्षुले एकदिन अगाडि नै त्रिचीवरधारी हुनुपर्ने नियम छ । नियमानुसार ५ जना भिक्षुहरूको उपस्थितीमा कथिन उत्सब मनाउन सकिने छ ।

आजभोली वर्षावासलाई क्रमैसंग ३ वटा देशहरूले (थाइलैण्ड, म्यानमार र श्रीलंका) मान्यता दिने गरेको पाइन्छ ।

कथिनको अर्थले धेरै महत्त्वपूर्ण जनाउँछ । अष्ट महाकुशल दान मध्ये कथिन चीवर दान पनि महत्त्वपूर्ण दानको रुपमा लिइन्छ ।

कथिन चीवर दान गर्ने कार्यक्रम कोजाग्रत पूर्णिमा देखि शुरु गरी एक महिना सम्म मात्र सञ्चालन गर्न सकिने नियम छ ।

आजभोली कथिन चीवर दान गर्ने श्रद्धालु उपासक उपासिकाहरू धेरै देखिन्छन् । त्यसैले कथिन चीवर दान दिने कार्यक्रमलाई भव्य रुपमा मनाइने चलन चल्दै आएको देखिन्छ । बाजा गाजा सहित झण्डा र बुद्ध मूर्ति सजाइएको झाँकी सहित उपासक उपासिकाहरूको ऱ्यालीले नगर परिक्रममा गर्ने चलन पनि देखिएको छ । कार्यक्रम स्थल अर्थात् विहारमा पुगेपछि सभामा परिवर्तन हुने उक्त कार्यक्रममा पञ्चशील प्रार्थना बुद्ध पूजा, धर्मदेशना, अष्टपरिकार दान आदि गरिन्छ । कथिन चीवर भिक्षुसंघलाई अर्पण गरे पश्चात दान प्रदान गरिन्छ । यसको साथै निमन्त्रित भन्ते गुरुमांहरूलाई जलपान भोजन दान गरी पुण्य सञ्चय गरिन्छ भने कार्यक्रममा उपस्थित उपासकोपासिकाहरूलाई पनि जलपान भोजनको व्यवस्था मिलाई पुण्य सञ्चय गरिन्छ । यसरी आजभोली बुद्ध शिक्षालाई मनन गरी दानपारमी पूरा गर्ने श्रद्धालु उपासकउपासिकाहरू धेरै देखिन्छन् । खुशीका कुरा हो यो ।

दान गरिएको कथिन चीवर भिक्षु संघको निर्णयानुसार जुन भिक्षुलाई चीवर आवश्यक रहेको हुन्छ, उहाँलाई सो चीवर प्रदान गरिन्छ ।

कथिन चीवर दान कार्यक्रमलाई यसरी नियालेर हेर्दा धेरै व्यवहारिक र प्रशंसनिय कार्य मान्न सकिन्छ । त्यसैले होला कथिन चीवर दान कार्य एकदम लोकप्रिय हुँदै गएको देखिन्छ । फलस्वरुप बिहान मात्र होइन दिउँसो पनि कथिन चीवर दान कार्यक्रम संचालन हुने गरेको देखिन्छ । एकदिनमा नै ३,४ वटा विहारहरूमा पनि कथिन चीवर दान कार्यक्रम सञ्चालन हुने गरेको देखिन्छ । यो खुशीको कुरा हो । बढि भन्दा बढि दाताहरूले दानको महिमा बुझ्दै आएको यस कुरालाई हामीले मनन गर्न योग्य छ । हामीले पनि भगवान् बुद्धले सिकाउनु भएको दान शील र ध्यान रुपी खुड्किलो चढ्दै कुशल कार्यमा अगाडि बढ्न सकौं । भवतु सब्ब मंगलम् ।



# दीघनिकायका सूत्रहरूको विश्लेषण–२

✍ कुसलञाणी गुरुमां
*रत्न विपश्यना विहार*

यी ६२ प्रकारका मिथ्यादृष्टि मतलाई असार प्रकट गर्दै बुद्धले तृष्णाको कारण मत-दृष्टि सिद्धान्तको प्रतिपादन भएको कुरा प्रष्ट गर्नु भएको छ। र जबसम्म यी ६२ प्रकारमा मध्ये कुनै एक सिद्धान्तमा अल्झी राख्यौं भने निर्वाण वा संसारको चक्रको बन्धनबाट मुक्त हुन सक्दैन। बरु कारणकार्य धर्मलाई यर्थाथ बुझी शील, समाधि र प्रज्ञाको विकास गर्दै जीवनलाई सार्थकता दिन यस सूत्रले दिशानिर्देश गरिएको छ।

२. सामञ्ञफल सुत्त :

यस सूत्रमा श्रमण वा प्रव्रजित भावका १४ वटा फलका बारेमा ब्याख्यान गरेको छ। राजगृहको आम्रवनमा अजातशत्रुको कारण यो सूत्र देशना गरिएको थियो। अजातशुत्रले राज्यमा अधिकार जमाउनको लागि पितालाई मारेपछि पश्चाताप भई मन अशान्त भयभीत भएको अवस्थामा त्यसबेलाका ६ गुरुहरू (पूर्ण काश्यप, मक्खलि गोसाल, अजित केशकम्बल, प्रकुध कात्यायन, निगण्ठनाट पुत्त र संजय बेलट्ठिपुत्त) बाट मन सन्तोष हुने जवाफ नपाएको कुरालाई ब्याख्या गरिएको छ। जीवक वैद्यले भगवान् बुद्ध कहाँ लग्दाको चित्रण र आम्रवनको शान्त, शीतल वातावरणले गर्दा अजातशत्रुको मनमा उब्झिएका शंका र शंका निवारणको वर्णन गरी राखेको छ। त्यस्तै बुद्ध समक्ष श्रमणत्व भावको फल बारे प्रश्न गर्नु हुँदा प्रतिप्रश्न गरी फलहरूको ब्याख्यान गरिराखेको छ। बुद्धले आरम्भिक शील, मध्यम शील, महाशील सहित इन्द्रिय संयम, पञ्च नीवरण, चार ध्यानको बारे प्रश्न गर्दै दिब्य श्रोत, परचित्त ज्ञान आदि श्रमणहरूको कुराहरू उल्लेख गर्दै श्रमण जीवनमा श्रमणत्वको फल प्राप्त गर्ने कुरा वर्णन गरी राखेको छ।

३. अम्बट्ठ सुत्त :

यो सूत्र अम्बट्ठ भन्ने घमण्डी परिव्राजकको कारण देशना गर्नु भएको हो। यसमा पौष्करसातिलाई आफ्नो शिष्य अम्बट्ठलाई श्रमण गौतमको ख्याति भई रहेको ठिक हो वा होइन र ३२ प्रकारका लक्षणले पूर्ण हुनु भएको हो की होइन भनी परिक्षा गरी बुझी आउन भनिएको बारे उल्लेख भएका छन्। र यसमा अम्बट्ठ उच्च वर्ण, घमण्डी भई बुद्धसँग अति असभ्य र अशिष्ट पूर्वक कुराकानी प्रस्तुत गरिएको छ। र शाक्य जातिको नीच, चण्डाल नभएको कुरालाई प्रष्ट गर्दै प्रतिप्रश्नद्वारा उपदेश गरिएको छ। त्यस्तै भगवान् बुद्धको ३२ लक्षणहरूलाई ब्याख्या गरी बताइएको छ। बुद्धले जाति गोत्रको अभिमानलाई विद्या र आचरण मूल विषयवस्तु बनाई विद्या आचरण सम्पादन गर्नु नै देवमनुष्यहरूको सर्वश्रेष्ठ (जाति, गोत्र, वर्ण) हुने कुरा उल्लेख गरिएको छ। र पछि उपदेशबाट प्रभावित भई अम्बट्ठका गुरु पौष्करसाति उपासकत्व स्वीकार गरेको प्रसङ्ग रहेको छ।

४. सोणदण्ड सुत्त :

यो सूत्र सोणदण्ड भन्ने बिम्बिसारबाट सम्मानित ब्राह्मणको कारणबाट अंग देशको चम्पा भन्ने ठाउँमा बताएको उपदेश हो। यस सूत्रमा बुद्धले कति अंगले युक्त भयो भने ब्राह्मण हुन्छ भनी ब्राह्मणलाई सोध्नु हुन्छ। र ब्रह्माहरूले पाँच अंग – जुन आमा बुबा सुजातको हुनुपर्ने, वेद पारंगत हुनुपर्ने, ब्यक्तित्व हुनुपर्ने, शीलवान् हुनुपर्ने, मेधावी हुनुपर्ने कुरा बताएको प्रसङ्ग छ। यी मध्येमा शीलवान् र मेधावी भयो भने पनि ब्राह्मण हुने कुरा उल्लेख गर्दै जातिवादको खण्डन गर्नु हुन्छ। यस कुरामा बुद्धको सहमति ब्यक्त गर्दै शील र प्रज्ञा मात्र ब्राह्मणत्वको लागि चाँहिने अत्यावश्यक गुण हो र शीलद्वारा परिशोधित प्रज्ञा हो र प्रज्ञाद्वारा परिशोधित शील हो र जहाँ शील छ, त्यहाँ प्रज्ञा हुन्छ र फेरि जहाँ प्रज्ञा हुन्छ, त्यहाँ शील हुने कुरा उपदेश गर्नु हुन्छ। उपदेशद्वारा प्रभावित भई उपासकत्व ग्रहण गर्नु हुन्छ।

*क्रमशः अर्को अङ्कमा हेर्नुहोला ... ...*

# त्रिपिटक व भाणक परम्परा



✍ **त्रिरत्न मानन्धर** 'सद्धम्म कोविद'

थुगु निकायय् बुद्धया आध्यात्मिक उपदेश नापनापं बुद्धकालीन ईया सामाजिक, राजनैतिक आर्थिक अवस्था बारे वर्णन यानात:गु दु ।

मध्यम आकारका सूत्रता संग्रह यानात:गु सुत्रपिटकया निगूगु ग्रन्थ मज्झिमनिकाय खः । थुकी १५२ सूत्रत दुथ्यानाच्वंगु दु । बौद्ध साहित्यय् मज्झिम निकायया विशेष महत्व दु । विभिन्न विद्वानपिंस थुगु ग्रन्थयात प्रशंसा यानात:गु दु । महापण्डित राहुल सांकृत्यायनं थुगु ग्रन्थयात बुद्धया अमृत वचन संग्रह यानात:गु ग्रन्थ धका: बुद्धवचनामृत शब्द प्रयोग यानादीगु दुसा जर्मनया प्रसिद्ध विद्वान ढाल्कें थुगु निकायया आधारय् विभिन्न निबन्धत रचना याना: पश्चिमी जगतय् बुद्धशिक्षाया जागरण हयाब्यूगु खः । आपालं बौद्ध विज्ञपिंस त्रिपिटक दुनेच्वंगु विभिन्न निकायत मध्ये थुगु मज्झिम निकाय छगू जक ग्रन्थयात सुरक्षित याना तयेफत धा:सां बुद्ध शासन ल्यनाच्वनी धायेगु या: ।

संयुक्त निकाय सुत्तपिटक अन्तर्गतया स्वंगू निकाय खः । थुगु ग्रन्थयात संयुक्त धा:गुया कारण बुद्ध वचनया ता:ताहाक:गु व चिचिहाक:गु सूत्र समावेश जुयाच्वंगु अले गद्य व पद्यया रुपय् विद्यमान जुयाच्वंगु बुद्धया शिक्षा समावेश जुयाच्वंगुलिं खः । थुगु निकायय् जम्मा १७६२ संयुक्त विद्यमान जुयाच्वंगु दु । थुगु निकायया विषयवस्तु विशेष कथं आध्यात्मिक खः ।

अंगुत्तर निकाय सुत्तपिटकया प्यंगूगु निकाय खः । थुकी झिंछगू निपात व ९५५७ सूत्रत संग्रहित जुयाच्वंगु दु । थुगु निकायया विशेषता धयागु बुद्धवचनयात संख्याया ल्याखं प्रस्तुत यानात:गु खः । छगू धयागु छु ? निगू धयागु छु ? निसें झिंछगू धयागु छु खः तकया खँ ल्या:या हिसाबं वर्णन यानात:गु दु ।

खुद्दक निकाय सूत्रपिटकया न्यागूगु ग्रन्थ समूह खः । न्हापाया प्यंगू निकाय दुने मला:गु विविध विषयया उपदेश थुकी संग्रहित जुया च्वंगु दु । थुकी मुक्कं चिचिधंगु १५ गू ग्रन्थत समावेश जुयाच्वंगु दु ।

त्रिपिटकया निगूगु पिटक विनय पिटक खः थुकी भिक्षुपिनिगु २२७ व भिक्षुणीपिनिगु ३११ गू नियमया उल्लेख जुयाच्वंगु दु । बुद्धया धापूकथं विनय धयागु बुद्धशासनया आयु खः। बुद्ध विनयया निर्माण बुद्धशासन ता:कालतक तिके यायेगु लागिं आवश्यकता कथं यानाबिज्या:गु खः । विनय पिटकय् न्यागू ग्रन्थ दु । उपिं खः पाराजिका, पाचित्तिय, महावग्ग, चुल्लवग्ग व परिवारपालि । थुपिं न्यागू ग्रन्थय् भिक्षु भिक्षुणीपिंसं दैनिक जीवनय् गुकथंया नियम पालन यायेमा:, नियम भंग जूगु अवस्थाय् गथे यायेगु धका: स्पष्ट यानात:गु दु । गुलिं विनय भंग जूसा सामान्य कथं क्षमा जक फ्वना नं मुक्त जुइफुसा गुलिं नियम भंग जुइवं चीवर हे त्व:ता: वनेमा:गु अवस्थाया वर्णन यानात:गु दु । विनयया निर्माण उकीया औचित्य आदिया नापं महत्त्वपूर्ण सूत्रत नं थुकी संग्रहित जुयाच्वंगु दु ।

स्वंगूगु पिटक अभिधर्म पिटक खः । थुगु पिटके गम्भिर देशना दुथ्यानाच्वंगु दु । बुद्धया दर्शन व मनोविज्ञान नाप सम्बन्धित उपदेशत थुकी दुथ्यानाच्वंगु दु । थुगु पिटकया मूल विषय धयागु वास्तविक रुपय् संसारय् विद्यमान जुयाच्वंगु प्यंगू परमार्थ धर्मया विश्लेषण खः । उगु परमार्थ धर्म धयागु चित्त(मन), चेतसिक(चित्त वृति), रुप( भौतिक वस्तु) व निर्वाण (क्लेशविहिन शून्य अवस्था) खः । थुगु पिटकय् न्हय्गू ग्रन्थत दु । थुपिं खः, धम्मसंगिनी, विभंग, धातुकथा, पुग्गलपञ्ञति, कथावत्थु, यमक व पट्ठान ।

थुकथं सुत्त, विनय व अभिधम्म धयागु हे तिपिटक वा त्रिपिटक खः । सफूया संख्याया हिसाब यायेगु ख:सा शीर्षक कथं ३१ शीर्षकया साहित्य विद्यमान दु । सफूया संख्याया आधारय् ४५ या हाराहारीइ सफूत निर्माण जुयाच्वंगु दु । थुपिं संख्या त्रिपिटकया मूल ग्रन्थ जक खः । अनुपिटक, अट्ठकथा, टिका नं कायेगु ख:सा ग्रन्थया संख्या व सिबें अप्व: जूवनी । विपश्यना विशोधन विन्यासपाखें पालि भाषं देवनागरी लिपिं पिका:गु ३०० निसें ५०० पृष्ठ संख्याया पालि साहित्यया ग्रन्थ संख्या १४० दु ।

**भाणक वा पाठ यायेगु परम्परा**

भगवान बुद्धया परिनिर्वाणया स्वला दुने न्हापांगु संगायन जूगु खः । संगायन धयागु भिक्षुपिं मुनाः बुद्ध वचनयात विकास यायेगु लागि आवश्यकता अनुसार याइगु अधिवेशन खः । बुद्ध ४५ दँ तक देशना यानाबिज्यागु धर्म व विनययात बुद्ध परिनिर्वाणया स्वला लिपा हे न्यासःम्ह भिक्षुपिनिगु उपस्थितिइ भिक्षु आनन्द व भिक्षु उपालि पाखें सकसितं न्यंकेगु ज्या जूगु खः । बुद्धवचनत कण्ठ यानाः उकिया सुरक्षा यायेगु अले कालान्तर तक न्ह्याकायंकेगु लागिं थुगु संगायनय् ब्वति काःपि भिक्षुपिंसं जिम्मा कायेगु ज्या जुल । ताताहाकःगु सुत्रत कण्ठ यायेगु जिम्मा काःपिंत दीघभाणक, अले मध्यम खालया सूत्रत कण्ठ यायेगु जिम्मा कापिंत मध्यम भाणक धकाः धायेगु चलन जूगु खः । थुकथं गुरु शिष्य परम्परा कथं कण्ठ यानाः बुद्धवचनयात ताःकाल तक न्ह्याकेगु ज्या जूवन ।

लेखनकला विकास मजूगु उगु अवस्थाया कारणं कण्ठ यायेगु वा भाणक परम्परा विकास जुयाः कालान्तर तक त्रिपिटकया वाचन वा पाठ यायेगु चलन जूगु खः । न्हापांगु संगानय् भिक्षु आनन्द व भिक्षु उपालि पाखें न्यासः भिक्षुपिनिं न्ह्यःने वाचन जूगु बुद्धया वचन बुद्ध परिनिर्वाणया सच्छिदँ लिपा वैशालीइ जूगु निक्वःगु संयायनय् नं बुद्ध वचनयात ७०० भिक्षुपिनि दथुइ वाचन यानाः अझ परिमार्जित यायेगु ज्या जूगु खः । उगु संगायनय् धर्म व विनयय् जक ब्वथलाताःगु बुद्धवचन दुने विद्यमान गम्भिर विश्लेषण यानातःगु विषययात अभिधर्म धकाः बुद्ध वचनया मेगु छगू ब्वया विकास यायेमाःगु कथं नं विचार विमर्श जूगु खः । सम्राट अशोकया संरक्षकत्वय् जूगु स्वंगूगु संगायनय् थ्व विचारं पूर्णता काल ।

बुद्ध परिनिर्वाणया २३५ दँ लिपाया स्वंगूगु संगायन पाटलिपुत्र वा पटनाय् जुल । उगु संगायनं बुद्धवचनयात सूत्र, विनय अभिधर्म धकाः स्पष्ट रुपं स्वंगू ब्वय् विभाजन यायेगु ज्या जुल । उकियात हे त्रिपिटक धायेगु शुरु जुल । थुगु संगायनय् नं बुद्धवचनयात शुद्धता कायम यायेगु लागि उबलय् तक थीथी निकायय् उत्पन्न जूगु तर बुद्धवचन नाप ज्वःमलाःगु विषययात स्पष्ट यायेकथं भिक्षु मोग्गलिपुत्ततिस्स पाखे कथावत्थु धकाः छगू ग्रन्थ हे तयार यानाबिज्यात व शुद्ध बुद्धवचनयात् बाचन यायेगु ज्या जुल । उकियात विभिन्न देश देशय् प्रचार यायेत सम्राट अशोक पाखें धर्मदूत मण्डल छ्वयेगु ज्या जुल । थुकथं थीथी इलय् जूगु संगायनय् नं त्रिपिटकयात ताःक्वः मछि वाचन यानायंकेगु व उकिया शुद्ध स्वरुपयात कायम यानातयेगु लागि ज्या जूवन । थुकथं भाणक परम्परा वा पाठ यायेगु परम्परा त्रिपिटकयात शुद्धरुपं न्ह्याकेगु महत्वपूर्ण ज्या कथं जूवंगु खः ।

कालान्तरय् थेरवाद अन्तर्गत पालि साहित्य भारतय् सिबें श्रीलंकाय् विकास जूवन । त्रिपिटकया नापं उकिया अर्थकथा तक अन विकास जुजुं वनाच्वंगु अवस्थाय् ईस्वीया न्ह्यापांगु शताव्दी वा बुद्ध परिनिर्वाणया ५०० दँ लिपा अन दुर्भिक्ष(अनिकाल) जुल । भिक्षुपिंत भोजन प्राप्त हे मजुइगु अवस्थाया जुल । नयेमखनाः भिक्षुपिंसं आपाल दुःख सामना यायेमाःगु बाध्य जुल । उगु अवस्थाय् बुद्धवचनयात कालान्तर तक बचे यायेमाः धका गुरु शिष्य परम्परा कथं वाचन यानाः सुरक्षित जुयाच्वंगु त्रिपिटक व अट्ठकथायात लिपिवद्ध यायेगु ज्या जुल । राजा दुट्ठगामिनी अभयया कार्यकालय् जूगु प्यंगूगु संगायनय् ताडपत्रय् सम्पूर्ण त्रिपिटक व अट्ठकथा लिपिवद्ध यायेगु ज्या जुल । पालि साहित्यया इतिहासय् थुगु ज्या तसकं महत्वपूर्णगु ज्या कथं कयातःगु दु । वर्तमान अवस्थाय् विद्यमान मौलिक बुद्धवचन कथं कयातःगु त्रिपिटक प्यंगूगु संगायनया हे लिच्वः खः ।

श्रीलंकाय् त्रिपिटकयात लिपिवद्ध यानाः सुरक्षित याये धुंकाः म्यानमार आदि दक्षिणपूर्वी एशियाया बौद्धदेय्त पाखें नं थुकिया अध्यापन व थःथःगु लिपिं विकास यायेगु ज्या जुल । सन् १८७१ पाखे म्यानमारया मण्डलय् जूगु न्याक्वःगु संगायनय् सम्पूर्ण त्रिपिटक दुरुल्वहंया पाताय् कीगु ज्या जुल । जम्मा ७२९ गू दुरुल्वहंया पाताय् सम्पूर्ण त्रिपिटकयात उत्कीर्ण यायेगु ज्या जुल । अनंलि इस्वी संवत् १९५६ य् निदँ बिकाः सम्पन्न जूगु खुक्वःगु संगायनपाखें विश्वया थीथी भासं त्रिपिटक पिकायेगु अभियान शुरु जुल । थुकथं वर्तमान अवस्थाया त्रिपिटक झीगु न्ह्यःने उपलब्ध जुयाच्वंगु खः ।

त्रिपिटक गुरु शिष्य परम्परा कथं रक्षा यानातःगु खः । थुकिया मौलिक भाषा पालि जूगु कारणं अनुवादित भाषा सिबें पालि भाषं वाचन यायेगुया बिस्कं महत्व दु । छाय्धाःसां बुद्धं पालिभाषा कनाबिज्याःगु जूगुलिं थुगु हे भाषां सुरक्षित यानातल धाःसा अर्थया अनर्थ जूवनीगु सम्भावना म्हो जुइ । कथंकदाचित अनुवाद यानातःगुलिइ त्रुटि जूसां नं मौलिक भाषां नं वाचन यायेगु परम्परा दयाच्वनीगु अवस्थाय् सच्चे यायेफइगु अवस्था दयाच्वनी । त्रिपिटक वाचन वा भाणक परम्पराया महत्वयात थुकथं थुइकेफु ।

*साभार- 'नेपाल भाषा टाइम्स्' २०८० फागुण २५ गते, शुक्रवार)*

# धर्मकीर्ति विहारमा दिनभर अभिधर्म पाठ

*२०८१ आश्विन ५ गते शनिबार*
*धर्मकीर्ति विहार, धम्महल ।*

यस दिन धर्मकीर्ति विहारमा श्रद्धेय प्रव्रजित गुरुमांहरूको तर्फबाट दिनभर अभिधर्म पाठ सम्पन्न भएको छ । उपासक देवनारायण मानन्धर र उपासिका रत्न्देवी मानन्धर लगायत सम्पूर्ण पितृजनहरूको सुगति एवं निर्वाण कामना गरी उहाँका परिवार समूह (देवरत्न स्मृती समूह)ले आयोजना गरिएको यस कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भई धर्मदेशना गर्नुभएको थियो ।

आमन्त्रित गुरुमांहरूलाई जलपान भोजन दान पश्चात् दान प्रदान गरी पुण्य सञ्चय गरिएको उक्त कार्यक्रममा पुण्यानुमोदन गरी कार्यक्रम समापन गरियो ।


*धर्मदेशना गर्नुहुँदै श्रद्धेय भिक्षु सामरङ्ग (थाई भन्ते)*


*पट्ठान पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू प्रशन्नवती र पदुमा*

अभिधर्म पाठ तालिका

| क्र. | पाठ | पाठ गर्नुहुने श्रद्धेय गुरुमांहरू |
|---|---|---|
| १ | धम्मसङ्गणी | सुजाता, इन्दावती |
| २ | विभङ्ग | कुसुम, प्रीतिवती |
| ३ | धातुकथा | मेत्तावती, सुचिता, जयवती |
| ४ | पुग्गल पञ्ञति | अनुपमा, खेमावती |
| ५ | कथावत्थु | जवनवती, सुनन्दावती, शुभवती |
| ६ | यमक | श्रद्धावती, ध्यानवती, सुमना, उपनन्दा |
| ७ | पट्ठान | पञ्ञावती, दानवती, नन्दावती, विमलञाणी, करुणावती, प्रशन्नवती, पदुमा |


*पुण्यानुमोदन गर्नुहुँदै दाता परिवारहरू*

# धर्मकीर्ति विहारमा दिनभर महापरित्राण पाठ

*२०८१ आश्विन ७ गते, शोमबार*
*धर्मकीर्ति विहार धम्महल ।*

यसदिन उपासिका दानमाया तुलाधर सपरिवारको आयोजनामा प्रव्रजित गुरुमांहरूबाट दिनभर महापरित्राण पाठ सम्पन्न भएको छ ।

दिवंगत हुनुभएका उपासकोपासिकाहरू "जगतरत्न तुलाधर/धृज लक्ष्मी तुलाधर", "त्रैलोक्य रत्न तुलाधर/लक्ष्मी नानी तुलाधर", "सर्बार्थ रत्न तुलाधर", "शील देबी कंसाकार", "सुमित्रा तुलाधर", "मानबीर सिं तुलाधर/हेरा माया तुलाधर", "हेरादेबी तुलाधर", "दानरत्न ताम्राकार/लानीमाया ताम्राकार" र "सानु रत्न स्थापित" आदि पितृजनहरूको सुगति एवं निर्वाण कामना गरी संचालित यस महापरित्राण पाठ कार्यक्रम मा श्रद्धेय धम्मवती गुरुमांबाट पञ्चशील प्रार्थना गराउनु भई धर्मदेशना गर्नुभएको थियो ।

कार्यक्रममा आमन्त्रित सम्पूर्ण श्रद्धेय गुरुमांहरूलाई जलपान/भोजन दान पश्चात् दान प्रदान गरी कार्यक्रमको अन्त्यमा पुण्यानुमोदन गरिएको थियो ।

| क्र.सं. | पाठ | पाठ गर्नुहुने श्रद्धेय गुरुमांहरू |
|---|---|---|
| १ | सामूहिक पाठ | सबै गुरुमांहरू |
| २ | सरणागमन - मेत्त सुत्त | सुजाता, खेमावती |
| ३ | खन्ध सुत्त - धजग्ग सुत्त | सुनन्दावती, वीर्यवती |
| ४ | महाकस्सपत्थेर सुत्त - बोज्झङ्ग सुत्त, महाचुन्दत्थेर सुत्त | इन्दावती, जयवती |
| ५ | गिरिमानन्द सुत्त | शुभवती, अमता |
| ६ | धम्मचक्कप्पवत्तन सुत्त | करुणावती, ध्यानवती |
| ७ | महासमय सुत्त | निर्मलत्राणी, भद्रत्राणी र कुशलत्राणी |
| ८ | आलवक सुत्त - कसिभारद्वाज सुत्त | प्रशन्नवती, पदुमा |
| ९ | पराभव सुत्त - वसल सुत्त | जवनवती, कुसुम, प्रीतिवती |
| १० | सच्चविभङ्ग सुत्त | श्रद्धावती, त्यागवती |
| ११ | आटानाटिय सुत्त 'क' | दानवती, मेत्तावती |
| १२ | आटानाटिय सुत्त 'ख' | अनुपमा, मेत्तावती र वण्णवती |
| १३ | सामूहिक पाठ | सबै गुरुमांहरू |


*महापरित्राण पाठ पछि दिवंगत पितृजनहरूको पुण्यस्मृतिमा पुण्यानुमोदन गर्नुहुँदै दाता परिवार*


*महापरित्राण पाठ श्रवण गर्नुहुँदै उपासकोपासिकाहरू*

# धर्मकीर्ति विहारय् न्हिच्छि यकं अभिधर्म पाठ

*२०८१ आश्विन १० विहिवार, नवमी*
*स्थान- धर्मकीर्ति विहार धम्महल ।*

थुकुन्हु धर्मकीर्ति विहारे प्रव्रजित गुरुमांपिसं न्हिच्छि अभिधर्म पाठ यानाबिज्याःगु जुल । उपासिका मोहनमाया महर्जनया ९९ औं जन्मदिंया उपलक्ष्ये वय्कःया छयेजःपिसं वयकःया भिं उसांय् व ता आयू कामना यासे थुगु ज्याभ्वःया आयोजना यासे पुण्य संचय यानादीगु खः । धर्मकीर्ति विहारया संस्थापक अध्यक्ष शासन धज धम्माचरिय अग्ग महागन्थवाचक पण्डित श्रद्धेय धम्मवती गुरुमांनं पञ्चशील प्रार्थना याका बिज्यास्य अभिधर्मया विषय धर्मदेशना यानाविज्याःगु उगु ज्याभ्वले दाता परिवारं गुरुमांपिन्त जलपान, भोजन दान यासे दानप्रदान यानाः पुण्य सञ्चय यानादीगु खः । अभिधर्म पाठ ज्याभ्वः क्वचायकाः पुण्यानुमोदन नं यासे मदुपिं पितृजनपिन्त पुण्य दान यासें ज्याभ्व क्वचायकूगु जुल ।

अभिधर्म पाठ तालिका

| क्र.स. | पाठ | पाठ याना बिज्याःपिं श्रद्धेय गुरुमांपिं |
|---|---|---|
| १ | धम्मसङ्गणी | वीर्यवती, क्षान्तिवती |
| २ | विभङ्ग | शुभवती, अमता |
| ३ | धातुकथा | त्यागवती, वण्णवती |
| ४ | पुग्गल पञ्ञति | दानवती, वीर्यवती |
| ५ | कथावत्थु | मेत्तावती, इन्दावती |
| ६ | यमक | केशावती, खेमावती |
| ७ | पट्ठान | जवनवती, दानवती |



*पुण्यानुमोदन यासे दाता परिवार*



धर्मदशना यानाबिज्यास्य श्रद्धेय धम्मवती गुरुमां




धम्मसङ्गणी पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं वीर्यवती व क्षान्तिवती



विभङ्ग पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं शुभवती व अमता




धातुकथा पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं त्यागवती व वण्णवती



पुग्गलपञ्ञति पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं दानवती व वीर्यवती




कथावत्थु पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं मेत्तावती व ईन्दावती



यकम पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं केशावती व खेमावती




पट्ठान पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं जवनवती व दानवती

## स्नेही छोरी (उपन्यास) ... ...

काम गर्ने आग्रह गर्न छोडेनन् । तर आफूले अध्ययन गर्न थालिसकेको धम्माचरिय शिक्षा हासिल नगरिकन बिचैमा छोड्ने विचार धम्मवतीले मान्न सकिनन् । सबैले रोक्दा रोक्दै पनि पुनः बर्मा फर्कनमा धम्मवती कत्तिपनि विचलित भइनन् ।

धम्मवतीको धर्म-प्रचार कार्यको प्रशंसा काठमाण्डौ उपत्यकाका उपासक-उपासिकाहरू र शीलवतीहरूका अलावा स्थविर भिक्षुहरूबाट पनि भएको थियो । उहाँहरूबाट – "धम्मवतीले दुई महिनामा गरेका प्रचार कार्य, हामीबाट दुई वर्षमा हुने प्रचार-कार्यभन्दा बढी फलदायी छ" – भन्ने अभिव्यक्ति व्यक्त भयो ।

प्रशंसनीय रूपमा धर्म-प्रचार कार्य गर्न समर्थ भएकी धम्मवती दुई महिना जतिको प्रचार–कार्यपछि, पुनः बर्मा फर्किन् । यस पटक उनी पहिले झैं, कसैले थाहा पाउला भन्ने डरले त्रसित भई लुकिछिपी होइन, एउटी वीराङ्गनाको रूपमा, सयौं श्रद्धालुहरूको भावमय बिदाइ पाएर बर्मा फर्किन् ।

*क्रमशः अर्को अङ्कमा ...*

## धर्मकीर्ति विहारमा अभिधर्म पाठ

*२०८१ आश्विन ११, शुक्रबार,*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

धर्मकीर्ति विहार, बुद्ध पूजा कमिटीको आयोजनामा यसदिन प्रव्रजित गुरुमांहरूको तर्फबाट दिनभर अभिधर्म पाठ कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रममा करिव ६० जना भन्दा बढि दाताहरू सहभागी हुनुभई सामूहिक रुपमा यस कार्यक्रम सञ्चालनको लागि सहभागी हुनुभएका थिए । हरेक दाताहरूले आआफ्ना पितृजनहरूको तस्विर कार्यक्रममा सजाएर राखी उहाँहरूको गुणानुस्मरण गर्नुभएका थिए । यसरी कार्यक्रममा सहभागी प्रव्रजित गुरुमांहरू लगायत उपासक उपासिकाहरूका दिवंगत पितृजनहरूको सुगति एवं निर्वाण कामना गरी संचालन गरिएको यस कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमांबाट पञ्चशील प्रार्थना गराउनु भएको थियो भने उहाँले अभिधर्मको महत्त्व विषयमा धर्मदेशना पनि गर्नुभएको थियो । कार्यक्रममा सहभागी सम्पूर्ण दाताहरूबाट आमन्त्रित प्रव्रजित गुरुमांहरूलाई सामूहिक रुपमा जलपान र भोजन दान लगायत दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए ।

यस कार्यक्रममा श्रद्धेय कुसुम गुरुमांबाट अनित्य स्वभावको यस संसारमा मरण पछि पुण्य शक्तिको कति आवश्यकता हुँदो रहेछ भन्ने विषयमा धर्मदेशना गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा सम्पूर्ण पितृजनहरूको गुणानुस्मरण गरी सामूहिक पुण्यानुमोदन गरिएको थियो ।

कार्यक्रमको कार्य तालिका

| क्र.स. | पाठ | पाठ गर्नुहुने श्रद्धेय प्रव्रजित गुरुमांहरू |
|---|---|---|
| १ | धम्मसङ्गणी | जवनवती, सुजाता |
| २ | विभङ्ग | वीर्यवती, वण्णवती |
| ३ | धातुकथा | सुनन्दावती, कुसुम, प्रीतिवती |
| ४ | पुग्गल पञ्ञति | शुभवती, अमता |
| ५ | कथावत्थु | दानवती, त्यागवती |
| ६ | यमक | श्रद्धावती, श्रद्धागौतमी |
| ७ | पट्ठान | इन्दावती, गौतमी |



धर्मदेशना गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमां



धम्मसङ्गणी पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
धम्मवती, जवनवती र सुजाता



विभङ्ग पाठ पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
वीर्यवती र वण्णवती



धातुकथा पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
सुनन्दावती, कुसुम र प्रीतिवती



पुग्गलपञ्ञति पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
शुभवती र अमता



कथावत्थु पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
दानवती र त्यागवती



यकम पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
श्रद्धावती र श्रद्धा गौतमी



पट्ठान पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
ईन्दावती र गौतमी

# श्रद्धेय धम्मवती गुरुमां स्वास्थ्य उपचार कोषका दाताहरूलाई प्रमाणपत्र वितरण

*२०८१ आश्विन ९ बुधबार, धर्मकीर्ति विहार, धम्महल ।*

श्रद्धेय धम्मवती गुरुमां ९१ वर्ष पुग्नुभएको उपलक्ष्यमा गुरुमांको जन्मदिन तिथी २०८१ आषाढ पूर्णिमाको दिन धम्मवती गुरुमांबाट रु. १०,००,०००/- (दशलाख रुपैयाँ) रकम प्रदान गरी "श्रद्धेय धम्मवती गुरुमां स्वास्थ्य उपचार कोष" स्थापना गरिएको थियो । क्षेत्रपाटी निशुल्क चिकित्सालय र धर्मकीर्ति विहार संरक्षण कोषको सम्झौतामा स्थापना



*साधुवादपत्र ग्रहण गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमां*

गरिएको यस कोषबाट सर्वप्रथम धर्मकीर्ति विहारका आवासिय प्रव्रजित गुरुमांहरूलाई निशुल्क स्वास्थ्य उपचार सेवा प्रदान गरिनेछ भने पछि धर्मकीर्ति विहारका शाखा विहारका आवासिय प्रव्रजित गुरुमांहरूलाई निशुल्क स्वास्थ्य उपचार सेवा प्रदान गरिने योजना रहेको छ । यसरी नै यस कोषको क्षमता बढाउँदै काठमाडौं उपत्यका भित्रका प्रव्रजित गुरुमांहरूलाई पनि निशुल्क सेवा प्रदान गरिने लक्ष रहेको बुझिन्छ ।

यस कोषलाई सुदृढ बनाई स्वास्थ्य सेवा प्रदान गर्ने हेतुले विभिन्न श्रद्धालु दाताहरूबाट पनि चन्दा प्रदान गर्नु भएका छन् । यसदिन धर्मकीर्ति विहार धम्महलमा आयोजित प्रमाण पत्र वितरण कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमां स्वास्थ्य उपचार कोषमा चन्दा प्रदान गर्नुहुने सबै दाताहरूलाई श्रद्धेय धम्मवती गुरुमांबाट प्रमाण पत्र प्रदान गरियो ।

श्रद्धेय धम्मवती गुरुमांको सभापतित्त्वमा धर्मकीर्ति विहार संरक्षण कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले संचालन गर्नुभएको यस कार्यक्रममा कोषका उपाध्यक्ष खेमावती गुरुमांले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा छत्रपाटी निशुल्क चिकित्सालयका अध्यक्ष डा. मनोज श्रेष्ठले श्रद्धेय धम्मवती गुरुमांलाई छेत्रपाटी निशुल्क चिकित्सालयको तर्फबाट साधुवादपत्र प्रदान गर्नुभएको थियो भने कोषाध्यक्षबाट शाक्यमुनी बुद्ध स्थापित फ्रेम उपहार प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा धर्मकीर्ति विहारका आवासिय प्रव्रजित गुरुमांहरूलाई छत्रपाटी निशुल्क चिकित्सालयको तर्फबाट निशुल्क उपचार सेवाको परिचय पत्र र पुस्तिका प्रदान गरिएको थियो ।

## भित्री मन कस्तो छ ? ... ...

गरेर तपाईंको टाउको दुख्ने ठूलो रोग निको भयो । मेरो यो ढाड दुख्ने रोग कति वर्ष देखि थियो, अहिले सम्म निको भएन । एउटा शिविर गरें निको भएन, दुईटा शिविर गरें निको भएन । साह्रै दुख्छ । कृपया तपाईं केही गरी दिनुहोस् । "ओहो ! तिमी त यस्तो मान्यता मान्ने व्यक्तिहरू मध्येका हौ कि यो शरीर भिन्न, आत्मा भिन्न; शरीर भिन्न छ, आत्मा भिन्न छ । तब त शरीरलाई दुखेको छ त दुख्न देऊ किन रुन्छौ ?" त्यो त "फिलोसोफी" को कुरा भयो, मलाई कुनै मार्ग देखाई देऊ ता कि मेरो ढाड दुखेको निको होस् । अरे ! वास्तविकता त यही हो कि शरीरको प्रति कति गहिरो सम्बन्ध गाँसिएको छ । यी कुराहरू फिलोसोफिबाट समाधान हुने होईन । शरीरको प्रति कति उपादान छ । कति गहिरो आसक्ति छ । यी पाँच स्कन्धहरू प्रति कति गहिरो आसक्ति छ । यही ब्याकुलता हो । यही आसक्ति नै ब्याकुलता हो । राम्ररी बुझ्न थाल्छ

*( क्रमशः पेज २३ मा हेर्नुहोला )*

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनको गतिबिधि

धर्मकीर्ति ज्ञानमाला भजन समूहले वि.सं. २०८१ सालको विभिन्न महिनाहरूमा सञ्चालन गरिएका कार्यक्रमहरूको समाचार प्राप्त भएका छन् । प्राप्त समाचार अनुसारको गतिविधि यसरी छन् ।

१) ने.सं. ११४४, गुरुपन्ही, वि.सं. २०८१ श्रावण ६ गते धर्मकीर्ति विहार, धम्महल ।

यसदिन पूज्य भिक्षुणी धम्मवती गुरुमांको ९१ औं वर्षिय जन्मोत्सबको उपलक्ष्यमा उहाँको आयु आरोग्य कामना गरी गुरुपूजा गरियो । गुरुमांको सुस्वास्थ्य कामना गरी आवश्यक औषधी र वस्त्र ध.की.बौ. ज्ञानमाला समूहको तर्फबाट सचिव प्रेमलक्ष्मी तुलाधरले गुरुमांलाई अर्पण गर्नुभयो ।

यसको साथै यस दिन भजनगुरुहरू पन्नाकाजी शाक्य र शिव शाहीलाई पनि गुरुपूजा गरियो ।

२. २०१८ श्रावण ४, धर्मकीर्ति विहार, धम्महल ।

पूज्य गुरुमां धम्मवतीको ९१ वर्षिय जन्मोत्सबको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःको निमन्त्रणामा श्रीघः ज्ञानमाला भजन प्रस्तुत गरियो । सोही अवसरमा श्रीघः ज्ञानमाला भजन खलःका अध्यक्ष माणिक रत्न शाक्य र सचिव अमीर मान शाक्यलाई पूज्य धम्मवती गुरुमांबाट खाडा ओढाई सम्मान गरियो । उहाँहरूले पनि पूज्य धम्मवती गुरुमांलाई सम्मान गर्नुभएका थिए ।

३) २०८१ भाद्र ९ गते ।

गुंला पर्वको उपलक्षमा श्रीघः ज्ञानमाला भजन खलःको निमन्त्रणामा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःका गुरु पन्नाकाजी शाक्यको नेतृत्त्वमा भजन प्रस्तुत गरियो ।

यस कार्यक्रममा श्रीघः ज्ञानमाला भजन खलःका अध्यक्ष माणिक रत्न शाक्यले गुरु पन्नाकाजी शाक्य लगायत सचिव प्रेमलक्ष्मी तुलाधर र लक्ष्मण तुलाधरलाई पनि सम्मान गरियो ।

४) गुंला पर्वको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनको तर्फबाट धर्मकीर्ति विहार धम्महलमा, पारु, अष्टमी तिथीको २ पटक र गुंपुन्ही, औंशी, आदि गरी जम्मा ५ पटक धर्मकीर्ति विहार धम्महलमा ज्ञानमाला भजन प्रस्तुत गरियो ।

## दान गरिएको आँखा प्रत्यारोण

२०८१ भाद्र ३१ गते सोमबार दिवंगत हुनुभएकी नगदेश बुद्ध विहारकी उपासिका कृष्ण माया दुवालका दुबै आँखाहरू नेपाल तिलगंगा आँखा अस्पतालका कुशल चिकित्सकको हस्ते उक्त अस्पताललाई दान गरी दान उप-पारमिता कार्य सम्पन्न गरिएको समाचार नगदेश बौद्ध समूह, नगदेश बुद्ध विहारबाट प्राप्त भएको छ ।

प्राप्त समाचार अनुसार दानगरिएको उक्त आँखाहरू मध्ये एउटा आँखा मोरङ्ग जिल्ला निवासी वर्ष २७ का शाह थरकी महिलालाई प्रत्यारोपण गरिएको र अर्को आँखा काठमाडौं जिल्ला तिलगंगा निवासी वर्ष ४० को बस्नेत थरका युवा व्यक्तिलाई सफल प्रत्यारोपण गरिएको छ ।

नगदेश बौद्ध समूहले मृतक उपासिका कृष्ण माया दुवाललाई उहाँको दान पारमिता पुण्य शक्तिले सुगति सहित निर्वाण हेतु प्राप्त होस् भन्ने कामना पनि गरिएको छ ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**

*बुन्हि :*
बि.सं. २००४
पौष अष्टमी



*मदुगु न्हि :*
बि.सं. २०८१
श्रावण २१ गते

**सह-प्राध्यापक अमीर शोभा शाक्य, इतुम्वहा**

लक्ष्मी नानी न्यत पुचःया दुजः उपासिका **अमीर शोभा शाक्य** (नेपाल कमर्श क्याम्पस, मीनभवनया सह-प्राध्यापक) दिवंगत जुयादिल । वयकलं थःगु जीवनय् यानादीगु कुशल कर्मया पुण्य शक्तिं सुगति सहित निर्वाण हेतु प्राप्त ज्वीमा धकाः आशिका यासे पुण्यानुमोदन यानाच्वना ।

**लक्ष्मी नानी ङत पुचः**
धर्मकीर्ति विहार, श्रीघः नघः यें

# धम्म मोलि विहारमा अभिधर्म पाठ



*पुण्यानुमोदन गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू धम्मविजया र श्रद्धागौतमी*

*२०८१ आश्विन १५ गते, मंगलबार*
*स्थान- सामाखुशी*

धम्ममोलि विहार, सामाखुशीको वार्षिकोत्सवको उपलक्ष्यमा यसदिन श्रद्धेय प्रव्रजित गुरुमांहरूको तर्फबाट दिनभर अभिधर्म पाठ गरिएको छ ।

विहार प्रमुख श्रद्धेय धम्मविजया गुरुमांको आयोजनामा सञ्चालित उक्त कार्यक्रम पञ्चशील प्रार्थना, बुद्धपूजा गरी शुरु गरियो भने सो पश्चात् श्रद्धेय प्रव्रजित गुरुमांहरूबाट अभिधर्म पाठ गरियो । कार्यक्रममा श्रद्धेय अनुपमा गुरुमांले धर्मदेशना गर्नुभएको थियो ।

कार्यक्रममा आमन्त्रित गुरुमांहरूलाई जलपान, भोजनदान र दान प्रदान गरी पुण्य सञ्चय गरिएको उक्त कार्यक्रममा उपस्थित सबै उपासक उपासिकाहरूले दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएको थिए ।

अभिधर्म पाठ तालिका

| क्र. | पाठ | पाठ गर्नुहुने श्रद्धेय गुरुमांहरू |
|---|---|---|
| १ | धम्मसङ्गणी | अनुपमा, जयवती |
| २ | विभङ्ग | अमरावती,<br>धम्मचारी,<br>अनुष्मा |
| ३ | धातुकथा | पञ्ञावती, दानवती |
| ४ | पुग्गल पञ्ञति | श्रद्धागौतमी, अनुष्मा |
| ५ | कथावत्थु | जवनवती, वीर्यवती |
| ६ | यमक | अमरावती, धम्मचारी |
| ७ | पट्ठान | करुणावती, ध्यानवती |

## भित्री मन कस्तो छ ? ... ...

जब आफ्नो अनुभवले बुझ्न थाल्छ तब आसक्ति टुट्न थाल्छ । यसबाट छुट्दै जान्छ । यसको अनुभव गर्नुपर्छ, दर्शन गर्नुपर्छ, साक्षात्कार गर्नुपर्छ । उपादान दुःखद हुन्छ । एक प्रकारको उपादान, आफ्नो तृष्णाको प्रति हुन्छ । तृष्णा उत्पन्न हुनु यो नै दुःखदायी छ । तृष्णाको साथै दुःख उत्पन्न हुन्छ । त्यसैले यसलाई दुःख समुदय भनिन्छ । तृष्णा उत्पन्न भयो भने यसको साथ-साथ दुःख जाग्छ । त्यस तृष्णाको प्रति आसक्ति भयो भने त्यो एडिक्ट हुन जान्छ र झन् कठिनाई हुन्छ । अब त झन् पटक-पटक तृष्णा जाग्छ । तृष्णा जाग्यो भने ब्याकुल हुन्छ भनेर थाहा छ तर पनि तृष्णा जाग्छ । थाहा छ ब्याकुल हुन्छ तर पनि तृष्णा उत्पन्न हुन्छ । किनकि त्यस प्रति आसक्त भयो । त्यो एक प्रकारले नशा झैं भयो । *क्रमशः*

## नगदेश बुद्ध विहार, थिमिमा अभिधर्म पाठ

*२०८१ आश्विन १६ गते, बुधबार*
*स्थान- नगदेश बुद्ध विहार, नगदेश थिमी*

नगदेश बुद्ध विहार परिवारले यसदिन प्रव्रजित गुरुमांहरूबाट दिनभर अभिधर्म पाठ कार्यक्रम सम्पन्न गरिएको छ । पञ्चशील प्रार्थना र बुद्ध पूजा पश्चात् अभिधर्म पाठ गरिएको यस कार्यक्रममा सुजाता गुरुमां र वीर्यवती गुरुमांबाट अभिधर्म विषयमा धर्मदेशना गर्नुभएका थिए । आयोजक परिवारले आमन्त्रित प्रव्रजित गुरुमांहरूलाई जलपान र भोजन दान पश्चात् दान प्रदान गरी पुण्य सञ्चय गरिएको यस कार्यक्रमको अन्त्यमा सबै उपासकोपासिकाहरूले उहाँहरूका पितृजनहरूको पुण्य स्मृतिमा सुगति एवं निर्वाण हेतु कामना गरी पुण्यानुमोदन गर्नुभएका थिए ।

अभिधर्म पाठ तालिका

| क्र. | पाठ | पाठ गर्नुहुने श्रद्धेय प्रव्रजित गुरुमांहरू |
|---|---|---|
| १ | धम्मसङ्गणी | अनुपमा, सुजाता |
| २ | विभङ्ग | जयवती, वीर्यवती |
| ३ | धातुकथा | चम्पावती, अनुस्मा |
| ४ | पुग्गल पञ्ञति | खेमावती, उपनन्दा |
| ५ | कथावत्थु | चम्पावती, जिनवती |
| ६ | यमक | केशावती, शुभथेरी |
| ७ | पट्ठान | अमरावती, धर्मचारी |



*सामूहिक पुण्यानुमोदन गर्नुहुँदै उपासकोपासिकाहरू*

*अभिधर्म पाठ श्रवण गर्नुहुँदै उपासकोपासिकाहरू*

# २०८१ आश्विन ७ गते धर्मकीर्ति विहारमा दिनभर महापरित्राण पाठका केही झलकहरू



धर्मदेशना यानाबिज्यास्य श्रद्धेय धम्मवती गुरुमां



सरणागमण-मेत्तसुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं सुजाता व खेमावती



खन्ध सुत्त- धजग्ग सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं सुनन्दावती व वीर्यवती



महाकस्सपत्थेर बोज्झङ्ग सुत्त - महा चुन्दतथेर सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं ईन्दावती व जयवती



गिरिमाननद सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं शुभवती व अमता



धम्मचक्कप्पवत्तन सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं करुणावती व कुशुभवती



महासमय सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं निर्मलत्राणी, भद्रत्राणी व कुशलत्राणी



आलावक सुत्त- कसिभारद्वाज सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं प्रशन्नवती व पदुमा



पराभाव सुत्त- वसल सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं जवनवती, कुसुम व प्रीतिवती



सच्चविभङ्ग सुत्त पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं श्रद्धावती व त्यागवती



आटानाटिय सुत्त (क) पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं दानवती व मेत्तावती



आटानाटिय सुत्त (ख) पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं अनुपमा, मेत्तावती व वणवती

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८१/०८२)

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो



## दिवंगत उपासक राम बहादुर उदास

*जन्मः बि.सं. १९७७ बैशाख*

*दिवंगतः बि.सं. २०५४ मंसिर पूर्णिमा*



## दिवंगत उपासिका पद्म कुमारी उदास

*जन्मः बि.सं. १९७६ माघ शुक्ल चतुर्थी*

*दिवंगतः बि.सं. २०४८ आश्विन शुक्ल षष्टी, २७ गते*

अनन्त गुणले सम्पन्न,
प्रातः स्मरणिय हाम्रा जिजु बुबा उपासक **राम बहादुर उदास**
एवं
जिजु मुमा उपासिका **पद्म कुमारी उदास**को
परलोक जीवन सुगतिमय बनोस् ।
उहाँहरूले आफ्नो जीवनमा सञ्चय गर्नुभएको पुण्य शक्तिले
निर्वाण हेतु पनि प्राप्त होस् भन्ने मंगलकामनाका
साथ पुण्यानुमोदन गरेका छौं ।

**पनातिनी - आभ्या श्राविका उदास, ललितपुर थसिखेल-५**
हाल अष्ट्रेलिया

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com